# विद्यालयमा अभिभावकको संलग्नता

## शिक्षक, अभिभावक र विद्यालय व्यवस्थापन समितिको परस्पर बुझाइको गुणात्मक र मात्रात्मक आकलन

शिक्षा नीति तथा अभ्यास केन्द्र
श्रमजीवी युवा मञ्च

# विद्यालयमा अभिभावकको संलग्नता

शिक्षक, अभिभावक र विद्यालय व्यवस्थापन समितिको
परस्पर बुझाइको गुणात्मक र मात्रात्मक आकलन

# Parental Engagement in Schools:

**A Qualitiative and Quantitative Enumeration of Perspectives of Teachers, Parents and the School Management Committees in the Inner Terai of Nepal**


| | | |
|---|---|---|
| पत्राचारका लागि | : | **शिक्षा नीति तथा अभ्यास केन्द्र**<br>Center for Educational Policies and Practices (CEPP)<br>पो.ब.नं. ४५५५, काठमाडौं, नेपाल<br>फोन : +९७७-०१-४११२३२०<br>इमेल : info@schoolingnepal.org<br>वेब : www.schoolingnepal.org |
| प्रतिवेदन/विश्लेषण/ सम्पादन | : | **टीका भट्टराई, सोमत घिमिरे, सुभाष अधिकारी र विजया सुब्बा** |
| सर्वेक्षण | : | **केशव दाहाल, टीका भट्टराई, माइकल राई, रोशन तामाङ, विजया सुब्बा, विष्णु चेपाङ, वीरबहादुर राई, सानी पाखिन, सुभाष अधिकारी, सोमत घिमिरे र वेदनिधि ढकाल** |


| | | |
|---|---|---|
| प्रकाशन प्रति | : | ५०० (**पाँच सय**) |
| मूल्य | : | रु.१५०.०० |
| प्रकाशन मिति | : | **साउन २०७४ (August 2017)** |
| मुद्रण | : | **सिटी अफसेट प्रेस**, फोनः ५२६०७५२ |



यो प्रकाशनको उद्देश्यपूर्तिका लागि यसको प्रतिलिपि बनाउन सकिन्छ । स्रोत उल्लेख गर्नु प्रयोगकर्ताको दायित्व हो । स्रोत निम्नअनुसार उल्लेख गर्न सकिन्छ :


भट्टराई, टीका, सोमत घिमिरे, सुभाष अधिकारी र विजया सुब्बा. २०७४. **विद्यालयमा अभिभावकको संलग्नता** शिक्षक, अभिभावक र विद्यालय व्यवस्थापन समितिको परस्पर बुझाइको गुणात्मक र मात्रात्मक आकलन. शिक्षा नीति तथा अभ्यास केन्द्र (शिनीअके). श्रमजीवी युवा मञ्च. साउन, २०७४. काठमाडौं.

Bhattarai, T., Ghimire, S., Adhikari, S. and Subba, B. 2017. Bidhyalayama Abhibhawakako Samlagnata (Parental Engagement in Schools in Nepali): A Qualitiative and Quantitative Enumeration of Perspectives of Teachers, Parents and the School Management Committees in the Inner Terai of Nepal. Centre for Educational Policies and Practices (CEPP) and Shramjeevi Yuba Manch, August, 2017, Kathmandu.

# भूमिका

विद्यालयको स्तरउन्नतिको मापन त्यस विद्यालयमा अध्ययन गरिरहेका विद्यार्थीहरूको सिकाइमा अपेक्षित उपलब्धिले सङ्केत गर्दछ । विद्यालयको स्तरउन्नतिका लागि प्रत्यक्षरूपमा संलग्न सरोकारवालाहरूको भूमिका जिम्मेवार र इमान्दारीपूर्ण रहनु आवश्यक छ । सरोकारवालाहरूको गुणात्मक र मात्रात्मक संलग्नताले नै विद्यालयको रूप र सार परिवर्तन गराउनमा मुख्य भूमिका खेल्छ । सामुदायिक विद्यालयका प्रधानाध्यापक, शिक्षक, अभिभावक र विव्यसको एकअर्काप्रतिको धारणा बुझ्नका लागि गरिएको यस अध्ययनले हालको सामुदायिक विद्यालयको अवस्था छर्लङ्ग पारेको छ । यसले आगामी दिनमा गर्नुपर्ने कामका क्षेत्र र प्राथमिकता निर्धारण गर्ने आधारभूत तथ्यहरू फेला पारेको छ भन्ने मलाई लागेको छ ।

यो अध्ययन देशको एउटा सानो भूभागमा गरिएको भए पनि यसले देशको समग्र सामुदायिक विद्यालयको स्थिति र प्रवृत्ति देखाएको छ । यो अध्ययनले जानकारका हिसाबले प्रअ र शिक्षक नै अगाडि देखिएको र अभिभावक र विव्यसलाई आफ्नो भूमिकाबारे स्पष्ट नभएकाले विद्यालय लथालिङ्ग भएको तथ्य देखिन्छ । यसले सबै सम्बन्धित सरोकारवालालाई झकझकाउने छ र सामुदायिक विद्यालय सुधारका कार्यमा लागेका र लाग्ने सोच भएका सबैका लागि कामको क्षेत्र स्पष्ट पार्ने देखेकी छु । सम्बन्धित सबैलाई आफ्नो काम, कर्तव्य र अधिकारको बोध भएमा सार्वजनिक शिक्षाको स्थिति अवश्य सुध्रिने छ ।

हामी सबैलाई सामुदायिक विद्यालयको अवस्थाबारे छर्लङ्ग पार्ने यो अध्ययनको जिम्मा लिई सम्पन्न गर्ने काममा संलग्न सबै धन्यवादका पात्र हुनुहुन्छ ।

**वसन्त रुपाबुङ बान्तवा**
कोषाध्यक्ष
शिक्षा नीति तथा अभ्यास केन्द्र
साउन २०७४

# संक्षिप्त रूप

| | | |
|---|---|---|
| आवि | : | आधारभूत विद्यालय |
| गाविस | : | गाउँ विकास समिति |
| गा/न पा | : | गाउँ/नगर पालिका |
| जिशिअ | : | जिल्ला शिक्षा अधिकारी |
| जिशिका | : | जिल्ला शिक्षा कार्यालया |
| प्रअ | : | प्रधान अध्यापक |
| मावि | : | माध्यमिक विद्यालय |
| विव्यस | : | विद्यालय व्यवस्थापन समिति |
| सावस | : | सामुदायिक वन समूह |
| शिअसंघ | : | शिक्षक अभिभावक संघ |
| शिनीअके | : | शिक्षा नीति तथा अभ्यास केन्द्र |

# विषयसूची


१. **परिचय** ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ सर्वेक्षण क्षेत्र ........ ५

२. **उद्देश्य** ........ ६

३. **अनुसन्धान पद्धति/प्रक्रिया** ........ ६

३.१ पूर्वानुमान ........ ६

३.२ विधि ........ ७

३.२.१ प्रश्नावली विधि ........ ७

३.२.२ लक्षित समूह छलफल ........ ८

३.२.३ सीमा र दायरा ........ ८

४. **नतिजा** ........ ९

४.१ विद्यालयको स्वामित्व र नेतृत्व ........ ९

४.२ सरोकारवालाको भूमिका ........ ११

४.३ परस्पर सम्बन्ध र बुझाइ ........ १३

४.४ अभिभावकको चासो र सहभागिता ........ १४

४.५ शिक्षक अभिभावक संघको अस्तित्व ........ १५

५. **परिणाम र छलफल** ........ १६

**Summary** ........ 48

**अनुसूचीहरू** ........ २२

अनुसूची १ः सर्वेक्षण गरिएका विद्यालय र उत्तरदाताहरूको विवरण ........ २२

अनुसूची २ः सर्वेक्षण क्षेत्रको विवरण ........ २३

अनुसूची ३ः प्रश्नावलीहरू ........ २७

अनुसूची ४ः लक्षित समूह छलफलको संक्षिप्त विवरण ........ ३७

**ग्राफहरू** ........

ग्राफ १.१.१ः जिल्लागत उत्तरदाताको विवरण ........ ४

ग्राफ ४.१.१ः विद्यालयको स्वामित्व कसको हो ? ........ १०

ग्राफ ४.१.२ः विव्यसको विचारमा विद्यालयको जिम्मा कसको हो ? ........ १०

ग्राफ ४.२.१ः अभिभावकले आफूले विद्यालयमा के योगदान गर्न सक्छन् ? ........ ११

ग्राफ ४.२.२ः विद्यालय राम्रो बनाउन शिक्षक र विव्यस आफूले गर्नुपर्ने काम ........ १२

ग्राफ ४.४.१ः केटाकेटीको विद्यालय फेर्नु परे कहाँ भर्ना गर्नुहुन्छ ? ........ १४

ग्राफ ४.४.२ः सामुदायिक विद्यालयको विव्यसमा बस्नुको कारण ........ १५

**नक्सा**

नक्सा १.२.१ः सर्वेक्षण गरिएका क्षेत्र ........ ५

**तालिका**

तालिका ३.२.१.१ः उत्तरदाताको संख्या ........ ८

# १. परिचय

## १.१ पृष्ठभूमि

गुरुकुल, गुम्बा वा मदरसा पद्धति शिक्षाको मूल पद्धति रहँदा ती धार्मिक निकायले नै तर समुदायको सहयोगमा यस्ता शिक्षालयहरू चलाए । गुरु वर्गको खानपिनको भरथेग परिवारले गर्थ्यो भने बन्दोबस्त लामा, गुरु, मौलाले नै गर्थे । कहिलेकाहीँ गुरुकुलमा आफ्ना केटाकेटी नभए पनि समुदायका अरू परिवारले ती धर्म पुरुषहरूको सहयोगको लागि पनि दानदातव्य दिन्थे । आदिवासी जनजातिहरूमा पनि गुरौ, फेदाङ्बा जस्ता पद्धतिमा सम्भवतः सामूहिक सिकाइको भन्दा बढी व्यक्तिगत अभ्यासात्मक सिकाइ हुन्थ्यो । धर्मप्रति राज्यको रुझान अनुसार राज्यले यस्तो सिकाइमा केही मात्रामा सहयोग गर्थ्यो । धार्मिक संस्था र राज्य नजिक रहँदा राज्यले पनि भरथेग चाहिँ गर्थ्यो । महत्त्वाकाङ्क्षी गुरुहरू आफूलाई स्वतन्त्र राख्न राज्यबाट वा उल्लेख्य वा कुनै सहयोग नलिने पनि गर्थे । मूलतः प्रचुरतामा नरही सादा जीवन नै शिक्षा प्रणालीको ध्येय रहेकाले यिनीहरू निर्वाहमुखी भएर नै चल्थे । शिक्षकहरूलाई खानपान बाहेक अतिरिक्त शुल्क दिनु पर्ने थिएन । गुरुकुलमा भने अध्ययनको आखिरमा गुरुहरूले गुरु दक्षिणा माग्थे जुन भौतिक भन्दा पनि उसको ज्ञान परीक्षा गर्ने र गुरुहरूका अहम् शान्त पार्ने खालका हुन्थे ।

विस्तारै विशेष गरी सत्रौं अठारौं शताब्दीतिर औपनिवेशिक शक्तिहरूलाई प्रशासन गर्ने जनशक्ति तयार गर्नुपर्ने आवश्यकतासँगै विश्वमा पश्चिमी शैलीको आधुनिक सामूहिक शिक्षाको व्यापकता भएको हो । यूरोपेली देशहरू पनि विस्तारै सामन्ती राज्य व्यवस्थाबाट 'कल्याणकारी राज्य' मा रूपान्तरित हुँदै थिए । यसको प्रभाव विश्वभरि नै परिरहेको थियो । नेपालमा पनि भारतको हिन्दू शिक्षा प्रणालीको प्रभावसँगै संस्कृत विद्यालयहरू खुल्दै थिए । यसमा राज्य वा उसका प्रशासकहरूको सहयोग रहन्थ्यो । सँगै गैर-संस्कृत शिक्षालयहरू पनि समुदायको अगुवाइमा खुलिरहेका थिए । समाजले त्यतिवेला राज्यको कल्याणकारी रूपको अपेक्षा नै गरेको थिएन । राज्यको काम त न्याय र सुरक्षा मात्रै थियो । पूर्वमा षडानन्द र पश्चिममा जयपृथ्वी बहादुर सिंह सङ्गठित शिक्षाका सूत्रधार थिए । १८५४ मा श्री ३ जङ्गबहादुर राणाले आफ्ना भाइभारदारलाई पढाउन भनि बेलायती मोडेलको दरबार स्कूल खोलेका थिए । यही नै नेपालको पहिलो औपचारिक विद्यालय थियो । पछिल्लो समयका उनका केही भाइभतिजाहरूले जनता पनि शिक्षित हुनुपर्छ भनेर केही काम गरेका भए पनि यथेष्ट भने भएको थिएन । २००७ सालमा राणाको अवशानपछि विद्यालयहरू खुल्नमा केही प्रगति भने पक्कै भएको हो । २००७ सालको नजिकदेखि नै खुल्न लागेका विद्यालयहरूमा केही संस्कृत

विद्यालयहरूले राज्यको राम्रो प्रश्रय पाए पनि समुदायले नै विद्यालय खोली त्यसको बन्दोबस्त गर्थे । यो प्रक्रियामा सरकारको सहयोग नभए पनि राजनैतिक खुलापनले शिक्षामा तीव्रता ल्याएको थियो । विभिन्न ठाउँ र तहमा विभिन्न किसिमका विद्यालयहरू कोही सरकारको सहायता पाएर, कोही केही पाएर, कोही पूरै अभिभावकको योगदानले खुले, चले ।

२००७ देखि २०२७ सालका बीचमा विद्यालय सञ्चालन गर्ने समितिहरूका विद्यालय स्थापनादेखि शिक्षक नियुक्तिसम्मका अधिकार र जिम्मेवारी रहे । शिक्षा ऐन २०२५ र नियमावली २०२७ ले यसका लागि विशेष व्यवस्था गरेको थियो । (शर्मा, २०७४)

नयाँ शिक्षा नीति २०२८ सालमा लागू भए यता सामुदायिक विद्यालयको जिम्मा राज्यले लिने भयो । शुरूमा तीन कक्षा, पछि पाँच कक्षासम्मा निःशुल्क पढाउने काम भयो । २०४६ सालपछि १० कक्षासम्म निःशुल्क शिक्षा दिने घोषणा पनि भयो । यो अवधिमा धेरै निजी विद्यालयहरू पनि खुले- तिनमा अभिभावकको रुचि बढ्दै गयो । राज्यद्वारा सञ्चालित सामुदायिक विद्यालय, औसतमा भन्ने हो भने निजी विद्यालयसँग प्रतिस्पर्धा गर्न नसक्ने अवस्थामा पुगे (अधिकारी, २०७४) । नेपाल पनि तीव्र रूपमा पश्चिमा शैलीको राज्य व्यवस्थातिर हुँइकिदै थियो । २०२८ मा नयाँ शिक्षा योजना लागू भयो । समुदायबाट सम्पूर्ण शिक्षाको जिम्मा सरकारले लियो र एउटा औपचारिक विद्यालय सञ्चालन समिति गठन गर्ने व्यवस्था गऱ्यो । पछि यो सहयोग समिति हुँदै आएर फेरि व्यवस्थापन समिति भयो । समुदायको निकट निगरानीविना सरकारका प्रयत्नको परिणाम अपेक्षाकृत नभएको कुरा महसूस गरी यो समितिलाई निकै अधिकार दिएर सरकारले विद्यालय समुदायलाई फिर्ता दिने प्रयास गऱ्यो । सामुदायिक वनले वन संरक्षणका क्षेत्रमा गरेको सफलताको कारण पनि यतातिर परेको थियो ।

यसबीच राज्यले निःशुल्क घोषणा गर्ने तर पर्याप्त स्रोत नदिने गर्नाले सरकारी विद्यालयहरू खस्कँदै गए । विद्यालय र समुदायबीचको जैविक सम्बन्ध सरकारीकरणका प्रयासमा टुटिसकेको थियो । शहरमा आप्रवास बढ्दै थियो । सरकारले बढ्दो शहरी र ग्रामीण जनसंख्याका लागि पर्याप्त शैक्षिक आपूर्ति गर्न सक्ने भएन । अभिभावकको अपेक्षा सम्बोधन गर्न सक्ने र नाफा कमाउने उत्प्रेरणा राखेका निजी विद्यालयहरू जनप्रिय भए ।

समुदायलाई फेरि विद्यालय जिम्मामा लिन थप प्रोत्साहन पनि गरियो तर त्यो प्रयत्न जैविक भन्दा यान्त्रिक थियो । समुदायमा नेतृत्व गर्ने व्यक्तिहरू विभिन्न कारणले आफ्नो घर-गाउँबाट पलायन भइसकेका थिए । २०२८ र त्यस यता (२०५८)बीच एउटा पुस्ता नै फरक परिसकेको थियो । लोकतान्त्रिक आन्दोलनका मूल सहयोगीका रूपमा रहेका शिक्षक र विव्यसहरू बीच दलको साइनो नजिकिँदै थियो । सामुदायिक विद्यालयमा अभिभावकले

विश्वास गर्न नसक्ने र निजी विद्यालय तर्फको आकर्षण रोक्नै नसकिने स्थितिमा समाज पुगिसकेको थियो । सामुदायिक विद्यालयहरू साँच्चै गरिब परिवारका शरणार्थी विद्यार्थी जम्मा हुने थलो बन्न पुगेको थियो (माथेमा, २०१३) । निजी विद्यालय शिक्षा प्रदायक एजेन्सीका रूपमा स्थापित भइरहेका थिए । राज्यका नीति र समाजका विचार निर्माता सबैजसोका केटाकेटीहरू निजी विद्यालयहरूमै थिए । सङ्गठित राजनैतिक दलको सान्निध्य पाएका शिक्षकहरूका अगाडि आवाज विहीन र असङ्गठित विव्यसहरू आफ्नो साख र शक्ति गुमाउँदै गए । समुदायमा विद्यालय हस्तान्तरण गर्ने योजना शिक्षकहरूको चर्को विरोधका अगाडि टिक्न सकेन । उग्रवामपन्थी द्वन्द्वका वेलामा समुदायमा हस्तान्तरणको कुरामा राज्य आधारभूत जिम्मेवारीबाट भाग्न खोजेको रूपमा देखियो । अभिभावक शिक्षा र पर्याप्त सङ्गठन अनि बहुसरोकारवालाहरूको परामर्शका आधारमा यो प्रक्रिया शुरू गरिएन । यी सबैको क्रमिक र एकीकृत असरले विद्यालयको 'सामुदायिक' रूप लेपमा मात्र बाँकी रहन गयो । अहिले सामुदायिक नामधारी सरकारी विद्यालयहरू जसरीतसरी घस्रिरहेका छन् यद्यपि स्कूललाई समुदायबाट अलग गर्न पनि नसकिने र अलग गर्दा पनि विद्यालयको व्यवस्थापन र सिकाइको गुणस्तर कायम हुन नसक्ने भएकाले सार्वजनिक विद्यालयका सन्दर्भमा समुदायको सहभागिता र अपनत्व अनिवार्य देखिन्छ । (बराल, २०७४)

यही परिप्रेक्षमा विद्यालयहरू कसको स्वामित्वमा छन् र सरोकारवालाहरू के सोच्छन्, कहाँ सुधारका प्रयत्न केन्द्रित गर्नुपर्ला भन्ने कुराको आकलन गर्न यो सर्वेक्षण गर्ने जमर्को गरिएको हो । अहिले विद्यालय बिग्रनुमा शिक्षक, अभिभावक र विव्यस एकअर्कालाई दोषी देखाउँछन् । विव्यस नै कतिलाई 'घाडो' भएको छ । शिक्षाको सम्पूर्ण कुरा एक पछि अर्को सरकारले 'जिम्मा लिन्छु' भन्न थालेपछि पर्याप्त स्रोत नभए पनि समुदाय अब विद्यालयमा १ पैसो खर्च गर्न मान्दैन जस्तो देखिन्छ । सरकारले 'सबै गर्छु' भनेपछि केही तिर्नेहरू पनि किन तिर्ने, पैसा उठाउनेहरूले नै झ्वाम पार्छन् भन्ने जनमानस बनेपछि त तिर्ने कुरै भएन । अर्को सन्दर्भः एक-दुई सहकर्मी संस्थासँग मिलेर शिक्षा नीति तथा अभ्यास केन्द्र[1]ले झण्डै एक

[1] झण्डै दुई दशक लामो शैक्षिक संलग्नताको पृष्ठभूमिबाट आएर आफूलाई नागरिक समाजको अङ्गको रूपमा लिने २०६६ सालमा औपचारिक रूपमा स्थापित शिक्षा नीति तथा अभ्यास केन्द्र सबैका लागि स्तरीय विद्यालयका पक्षमा काम गरिरहेको गैरसरकारी संस्था हो । यसले शिक्षालाई अर्थराजनैतिक दृष्टिले हेर्दै ५० वटा जति विद्यालयमा ती विद्यालयको सिकाइ उपलब्धि वृद्धि गर्न विद्यालयका मूल सरोकारवाला अभिभावक, शिक्षकसँग र त्यस्ता विद्यालयले भोगेका समस्या र तिनीहरूका सम्भावना उजागर गर्ने दिशाामा नीति तथा विचार निर्माताहरूसँग पैरवीको काम गर्दछ । थप विवरण www.schoolingnepal.org मा पाउन सकिन्छ ।

वर्षअघि यस विषयमा एउटा कार्यशाला आयोजना गरेको थियो । त्यसमा विशेषगरी प्रअ र विव्यसबीच कामको बाँडफाँड र भूमिका सैद्धान्तिक धरातलमा पनि स्पष्ट नभएको कुरा आएको थियो । सैद्धान्तिक धरातल नै स्पष्ट नरहेकाले नीति र कार्यान्वयनमा ठूलो खाडल आएको कुरा धेरै चर्चा नभएको विषय होइन (जस्तैः खनाल, २०१०) । त्यस छलफलमा यसबारे अभ्यास के छ भन्ने कुरा जान्नुपर्ने आवश्यकता औँल्याइएको थियो ।

यी नै जिज्ञासाका पृष्ठभूमिमा केन्द्रले काम गर्ने ४ जिल्लामध्ये तीन वर्षभन्दा लामो समयदेखि काम गरिरहेका ३ जिल्ला आकलन गर्नका लागि छनौट गऱ्यो । यो सर्वेक्षण सिन्धुली जिल्लाको पिपलमाडी गाविस (९ विद्यालय), मकवानपुर जिल्लाको राईगाउँ गाविस (१३ विद्यालय) र रौतहट जिल्लाको जुडिबेला गाविस (९ विद्यालय) गरी जम्मा ३१ विद्यालयका ४६ शिक्षक, ६२ विव्यस सदस्य र ११८ अभिभावक समेत गरी जम्मा २२६ जनासँग गरिएको हो । ग्राफ १.१.१ हेर्नुहोस् । उत्तरदाता र सम्बन्धित विद्यालयको विवरण अनुसूची १मा राखिएको छ । यो व्यक्तिगत प्रश्नावली वार्तामा समावेश संख्या हो भने लक्षित समूह छलफलका सहभागी विवरण अनुसूची ४मा राखिएको छ । सर्वेक्षणको लागि यी क्षेत्रहरू छनोट गर्नुको कारण उत्तरदाताहरूलाई चिनजान भएका प्रश्नकर्ताहरूसँग यथार्थ विचार व्यक्त गर्न सजिलो हुन्छ भन्ने अपेक्षा हो ।

**ग्राफ १.१.१ जिल्लागत उत्तरदाताको विवरण**




अतिरिक्त खर्च कम गर्न धेरैजसो संस्था सम्बन्धित कार्यकर्ताहरू संलग्न गरिएका हुन् । श्रमजीवी युवा मञ्च केन्द्रसँग मकवानपुरमा सहकार्य गर्ने संस्था हो । सर्वेक्षणमा मञ्चका ३ जना समेत गरी ११ जना संलग्न थिए जो यो प्रतिवेदनको शुरूमा नै उल्लेख गरिएका छन् । यीमध्ये सहअनुसन्धाताका रूपमा शिक्षा नीति तथा अभ्यास केन्द्रसँग संलग्न नभएका एक व्यक्ति संलग्न थिए ।

यो सर्वेक्षणका परिणाम थप खोजी गर्न माग गर्ने किसिमका आएमा देशव्यापी रूपमा नमूना सर्वेक्षण गर्न सकिने पनि अभिप्राय रहेको छ। अहिले देशको समग्र शिक्षा अझ विशेष गरेर सार्वजनिक शिक्षा दिनानुदिन खस्कँदै गइरहेको परिवेशमा विद्यालयको गुणस्तर खस्कदै जानुका कारण र समाधानका विभिन्न उपायहरूमा अभिभावक र शिक्षकको सम्बन्ध कुन हदसम्म जिम्मेवार छ भन्ने पत्ता लगाई विद्यालयको गुणस्तर अभिवृद्धि गर्नमा सहज होस् भन्ने यो सर्वेक्षणको आशय रहेको छ।

## १.२ सर्वेक्षण क्षेत्र

यो सर्वेक्षण सिन्धुली जिल्लाको साविक पिपलमाडी गाविस (हाल हरिहरपुरगढी गापा), मकवानपुर जिल्लाको साविक राइगाउँ गाविस (हाल बागमती गापा) र रौतहट जिल्लाको साविक जुडिबेला गाविस (हाल चन्द्रपुर नपा)मा गरिएको थियो । सर्वेक्षण गरिएका तीन जिल्लाका तीन पालिकाका नक्सा तल प्रस्तुत छ। नक्सामा साविक गाविसहरू पनि देखाइएको छ। सर्वेक्षण गरिएका क्षेत्रको गाविसको विवरण अनुसूची २ मा राखिएको छ।

**नक्सा १.२.१ सर्वेक्षण गरिएका क्षेत्र**



# २. उद्देश्य

सामुदायिक विद्यालयमा अभिभावकको संलग्नताप्रति बहुपक्षीय दृष्टिको आकलन गर्ने लक्ष्य लिइएको यो सर्वेक्षणका निम्न उद्देश्य छन्ः

१) विद्यालयमा अभिभावकको उपस्थिति र चासो एवं निर्णायक भूमिकामा उनीहरूको प्रत्यक्ष संलग्नता थाहा पाउनु ।

२) अभिभावक, शिक्षक र विव्यसबीचको सम्बन्ध र एक अर्काप्रतिको दृष्टिकोण थाहा पाउनु ।

३) विद्यालयमा स्वामित्व र नेतृत्वको आकलन गर्नु ।

# ३. अनुसन्धान पद्धति र प्रक्रिया

## ३.१ पूर्वानुमान

नेपालका सामुदायिक विद्यालयहरू दिशाहीन रहनुमा अहिले विद्यालयको स्वामित्व र नेतृत्व स्पष्ट नरहनु हो भन्ने बताइन्छ । बोलीचालीमा सरकारी र औपचारिक रूपमा सामुदायिक भनिने यी विद्यालय कसका हुन् भन्ने बारेमा सरोकारवालाको बुझाइ के रहेछ भनेर बुझ्नु यो सर्वेक्षणको एक अभिप्राय थियो । कोही यी सरकारी हुँदै होइनन् सबै सामुदायिक हुन् भन्छन्, कोही 'सामुदायिक' बाहिरी लेप हो अन्ततः यी सरकारी नै हुन् भन्छन् । विद्यालयहरू सरकारको अगुवाइमा नक्साङ्कन गरेर खुलेका कमै पाइने पनि यथार्थ हो । यो सर्वेक्षणका पछाडि सैद्धान्तिक र तात्कालिक २ वटा कारण छन् । सैद्धान्तिक कारणमा सामुदायिक अथवा सरकारी विद्यालयहरूमा समग्र शिक्षण संस्थाहरू नै स्वामित्वको अभावमा रुग्ण बनेका हुन् भन्नेहरूको मान्यता हो । तात्कालिक कारणमा विव्यसहरूसँग गरिएको एक अन्तरक्रिया हो । त्यहाँ एक छलफलमा विव्यसहरूको एक पङ्क्ति नै विद्यालय कसको हो भन्ने कुरामा तत्काल स्पष्ट हुन सकेन । अनुसन्धानकर्ताहरूको समुदायसँग जीवनका विभिन्न पक्षमा अधिकारका दृष्टिकोणले रहेका अनुभव र सामुदायिक विद्यालयसँग भएका कार्यगत अनुसन्धान र सामुदायिक विद्यालयको गुणस्तर सुधार्ने प्रयत्नमा भएका अनुभवको पृष्ठभूमि छ । यी पूर्वानुमानहरू यसै सन्दर्भमा बनेका हुन् । यी पूर्वानुमानहरूमा समुदायको सहभागिताले सिकाइमा सुधार आउँछ त ? भन्ने जस्ता प्रश्नहरूलाई आफ्नो अनुसन्धानको चासोका रूपमा लिएको छैन । विद्यालय राम्ररी सञ्चालन हुनु गुणस्तरकै पूर्वशर्त मानिएको छ । स्पष्ट रूपमा विद्यालय सञ्चालन नभई अहिले नापिने गरेको लब्धाङ्क आधारित गुणस्तर हासिल हुन सम्भव देखिँदैन । अभिभावकले आफ्ना केटाकेटीको पढाइको सिकाइ उपलब्धि

बढाउनमा आफ्नो प्रष्ट भूमिका देख्न सकेका छैनन् भने केटाकेटीकाको सिकाइ उपलब्धि बढाउन अभिभावक तथा गाउँलेको मुख्य भूमिका हुन्छ भनेर शिक्षकले पनि आत्मसात गर्न सकेका छैनन् । (शर्मा, २००८)

पूर्वानुमानहरू मुख्य रूपमा विद्यालयको स्वामित्वप्रति उत्तरदाताहरूको बुझाइ र विव्यसहरूप्रति उठेका उनीहरूको क्षमताको प्रश्नका वरिपरि रहेका थिए । खासगरी अनुसन्धानका निम्न मार्गदर्शक पूर्वानुमानहरू रहेका थिएः

क. विद्यालयको स्वामित्व तथा नेतृत्व स्पष्ट छैन ।

ख. अभिभावकको विद्यालयमा सक्रिय संलग्नता छैन, भएको अवस्थामा पनि भौतिक पक्षमा सीमित छ, शिक्षक अभिभावक संघ निष्क्रिय छ ।

ग. निजी विद्यालयमा पढाउन नसकेर मात्र अभिभावकले आफ्ना केटाकेटी सामुदायिक विद्यालय पढाउँछन् ।

## ३.२ विधि

यसमा २ किसिमका पद्धतिहरूः प्रश्नावली र विषयकेन्द्रित समूह छलफल अपनाइएका थिए । स्वभावतः प्रश्नावली व्यक्तिगत र छलफल सामूहिक थिए । यी दुवै विधि नेपालमा विद्यालय शिक्षा र स्थानीय विकासका कार्यमा भएको उल्लेखनीय अनुभवमा आधारित केही पूर्वानुमान सही या गलत के हुने छन् भन्ने दृष्टिले गरिएका थिए ।

### ३.२.१ प्रश्नावली विधि

पूर्वानुमानका आधारमा यी समूहहरूसँग के जान्नुपर्ने छ भनी अनुसन्धाताहरू बीच छलफल गरियो । विस्तारै ती जानकारी राख्न वाञ्छनीय विषयहरू प्रश्नावलीमा रूपान्तरित गरिएका हुन् । शिक्षक, विव्यस र अभिभावक गरी ३ प्रकारका तर मिल्दाजुल्दा प्रश्नावली तयार पारियो । त्यस्तै गरेर जिल्ला शिक्षा अधिकारीसँग गरिने प्रश्न पनि तयार पारियो । विद्यालय शिक्षामा प्रत्यक्ष सरोकार राख्ने शिक्षक, अभिभावक र विव्यस र शिक्षा अधिकारीहरूलाई ध्यानमा राखेर प्रश्नावली तय गरिएको थियो । प्रश्नावली अनुसूची ३ (क, ख र ग)मा संलग्न गरिएको छ । कार्यक्षेत्रका clustered stratified random sampling विधिद्वारा विद्यालय सेवा क्षेत्रका आदिवासी जनजाति, खस/आर्य, दलित, मधेशी महिला तथा पुरुषहरूको समानुपातिक प्रतिनिधित्व हुने गरी छानिएका व्यक्तिहरूसँग प्रश्नावली भरिएको थियो । लक्षित समूह छलफल र परीक्षणका रूपमा १० जना उत्तरदातासँग प्रश्नावली भरी प्रश्नावली परिमार्जन गरिएको थियो ।

| तालिका ३.२.१.१: उत्तरदाताको संख्या | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्रम | विवरण | जनजाति | | दलित | | खस/आर्य | | मधेशी | | जम्मा महिला | जम्मा पुरुष | कूल जम्मा | % |
| | | म | पु | म | पु | म | पु | म | पु | | | | |
| १. | शिक्षक | १७ | १३ | २ | १ | ४ | ५ | १ | ३ | २४ | २२ | ४६ | २०.४ |
| २. | विव्यस | ३० | २० | ३ | २ | ३ | ४ | - | - | ३६ | २६ | ६२ | २७.४ |
| ३. | अभिभावक | ४६ | ४७ | ६ | ७ | ७ | ५ | - | - | ५९ | ५९ | ११८ | ५२.२ |
| | जम्मा जना | ९३ | ८० | ११ | १० | १४ | १४ | १ | ३ | ११९ | १०७ | २२६ | १०० |
| | % | ७७ | | ९ | | १२ | | २ | | ५३ | ४७ | | |

## ३.२.२ लक्षित समूह छलफल

यसै विषयमा सूचना रुजु गर्न र प्रश्नावली भर्ने व्यक्तिहरूलाई विषयवस्तुमा अभिमुखीकरण समेत गर्ने उद्देश्यले लक्षित समूहहरूसँग छलफल गरिएको थियो । लक्षित समूहहरूसँग छलफलको चेकलिष्ट प्रश्नावली नै थियो । विभिन्न जातजाति तथा लिङ्गको प्रतिनिधित्व समावेश गर्दै आदिवासी जनजाति, खस/आर्य, दलित, मधेशी महिला तथा पुरुषहरूसँग अन्तरक्रिया गरिएको थियो । तयार पारिएका प्रश्नहरू शिक्षक, विव्यस र अभिभावकसँग छुट्टाछुट्टै अन्तरक्रिया गरियो । लक्षित समूहसँग गरिएका छलफल निष्कर्ष र छलफलमा प्रतिविम्बित भएका छन् । लक्षित समूहसँग गरिएका छलफल र संलग्न व्यक्तिहरूको सूची अनुसूची ४मा प्रस्तुत गरिएको छ ।

## ३.२.३ सीमा र दायरा

सर्वेक्षणको क्रममा कतिपय स्थानमा सर्वेक्षणकर्ता शिक्षकको घरमा बस्नु परेको थियो । विव्यस सदस्य र अभिभावकका घरमा पुग्न केही ठाउँमा शिक्षकको सहयोग पनि लिइएको थियो । यसले गर्दा शिक्षकप्रति अभिभावकको दृष्टिकोण सम्बन्धी केही प्रश्नहरूमा अभिभावकहरूको विचार स्वतन्त्र आएन कि भन्ने अनुभव भयो । शिक्षक स्थानीय र नातेदार हुनुको थप प्रभाव पनि छँदैछ । यो सर्वेक्षण शिक्षा नीति तथा अभ्यास केन्द्रको कार्यक्षेत्रमा गरिएकोले केन्द्रको कामबाट पनि उत्तरदाताहरू प्रभावित भएका हुन सक्छन् तर यसले गणकहरूको सूझबूझको फाइदा पनि पाएको छ । यो बेला तीन चौथाइ भन्दा बढी विव्यसहरू पुनर्गठन भएका थिए र नयाँ सदस्यहरू समितिमा आएकाले कति उत्तरहरू सान्दर्भिक भएनन् तर उनीहरूलाई केन्द्रको कामबारे अनभिज्ञ रहेकाले यसमा विविधता थप्यो ।

कतिपय अभिभावकहरू नेपाली भाषा नबुझ्ने हुँदा उनीहरूसँग कुरा गर्न गाह्रो भएको थियो । उनीहरूसँग भएको कुरा जस्ताको त्यस्तै टिप्न अप्ठेरो परेकोले केही ठाउँमा अनुवाद गर्नेको सहयोग पनि लिइएको थियो ।

लक्षित समूह छलफल खुला ठाउँ र विद्यालयमा गर्नुपर्ने अवस्था थियो । अभिभावक संख्या ज्यादै धेरै हुँदा छलफलमा लक्षित व्यक्ति बाहेकको उपस्थितिले छलफल विषयवस्तुमा केन्द्रित गर्न कठिन भयो यद्यपि यसले बृहत् समुदायको भाव जान्ने अवसर भने प्रदान गऱ्यो ।

सर्वेक्षणको शुरूमा शिक्षा प्रशासकहरूसँग गर्ने प्रश्नावली पनि तयार गरिएको थियो । तत्काल स्थानीय तहको चुनाव आएकाले उनीहरू कार्यक्षेत्रमा भएनन् । पछि संविधानले माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको जिम्मा स्थानीय सरकारलाई दिएपछि त्यसको सान्दर्भिकता त्यति नरहेकोले उनीहरूसँग गरिएका चार पाँच वटा प्रश्नावली यसमा समावेश गरिएन ।

यो सर्वेक्षण जति देशव्यापी गर्ने सम्भावना छ उति नै अप्ठ्यारो पनि छ । निश्चित समयमा थोरै संख्याका सर्वेक्षणकर्ताले देशव्यापी सर्वेक्षण सम्भव पनि हुँदैन । त्यसैले अरू संघसंस्थासँग सहकार्य गर्नुपर्ने देखिन्छ । यसले खर्च बढाउने र अन्य धेरै संघसंस्थासँग सहकार्य गर्दा समझदारीमा कमी आउन सक्ने सम्भावना पनि रहन्छ जसले सर्वेक्षणको प्रभावकारितामा केही ह्रास पनि आउन सक्छ । ३ जिल्लामा मात्र हेर्दा उपलब्ध सर्वेक्षणकर्ताको संख्या धेरै छ । यसले सर्वेक्षणलाई एउटै कार्यक्रमका कार्यक्षेत्रबाट हुने दुष्प्रभाव घटाएको छ ।

# ४. नतिजा

## ४.१ विद्यालयको स्वामित्व र नेतृत्व

यस विषयलाई तीन दृष्टिकोणबाट प्रश्न गरिएको थियोः स्वामित्व, जिम्मा र नेतृत्व । शिक्षक र अभिभावक दुवैको विचारमा विद्यालयको स्वामित्व मुख्य रूपमा गाउँले र केटाकेटीका बाआमाको हो भन्ने देखिन्छ । विद्यालयको स्वामित्व गाउँलेको हो भन्नेमा शिक्षक र अभिभावक क्रमशः ५१% र ५४% छन् भने केटाकेटीका बाआमाको भन्नेमा क्रमश २२% र २४% छन् । ग्राफ ४.१.१ हेर्नुहोस् । यी दुवैलाई समुदाय भन्ने हो भने झण्डै तीन चौथाइ शिक्षक र अभिभावक विद्यालयका मालिक समुदाय हुन् भन्ने विचार राख्दछन् । अभिभावक समुदायका रूपमा जति विद्यालय आउँछन् त्यति मालिकका रूपमा आँउदैनन् भन्ने देखियो ।

**ग्राफ ४.१.१:** **विद्यालयको स्वामित्व कसको हो ?**




सबैले नै स्वामित्व र जिम्मालाई फरक दृष्टिले नै हेरेको पाइयो । विव्यसको विचारमा विद्यालय क्रमशः प्रअ (२४%), विव्यस (२२%), गाउँले (२१%) विव्यस अध्यक्ष (१७%) को जिम्मामा रहेको देख्छन् भने ११% केटाकेटीका बाआमामा रहेको देख्छन् । ग्राफ ४.१.२ हेर्नुहोस् । विद्यालयको जिम्मा प्रअमा छ भन्ने एक चौथाइ संख्या अलि अनपेक्षित नतिजा हो । यसले विद्यालयको जिम्मेवारी स्पष्ट नरहेको देखाउँछ । विद्यालयको स्वामित्व सरकारको हातमा छ भन्ने उत्तरदाताहरू समष्टिगत रूपमा ४% को हाराहारीमा मात्रै छन् ।

**ग्राफ ४.१.२:** **विव्यसको विचारमा विद्यालयको जिम्मा कसको हो ?**



त्यसैगरी, विद्यालयको नेतृत्व प्रअको हातमा छ भन्नेमा ६९% शिक्षक छन् भने विव्यसको हातमा छ भन्ने ३१% शिक्षकको विचार छ । अभिभावकको दृष्टिकोणमा विद्यालयको नेतृत्व प्रष्ट छुट्टिएको छैन । नेतृत्व २९% अध्यक्षले, २७% प्रअले, १४% विव्यसले र १२% शिक्षकले गर्ने कुरा विव्यसको छ । यसबाट नेतृत्व प्रअमा रहे पनि जिम्मेवारी स्पष्ट नभएको चित्र देखिन्छ।

## ४.२ सरोकारवालाको भूमिका

शिक्षक, अभिभावक र विव्यस तीनवटै पक्षले आ-आफ्नो मूल भूमिका छुट्ट्याएकै देखिन्छ। सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर कसरी वृद्धि गर्न सकिन्छ भन्ने प्रश्नमा अभिभावकहरू आफ्नो भूमिका विशेष गरी भौतिक व्यवस्थापनको लागि चन्दा संकलनमा (१५%), श्रमदानमा (१३%), मर्मतमा (१३%) र सरसफाइमा (१७%) जस्ता कुरामा जोड दिन्छन् । निरन्तर बैठकमा जाने काम पनि आफूले गर्नुपर्ने २२% अभिभावकको विचार छ। तर अभिभावकहरूले आफू कतै शैक्षिक वा शासकीय विषयमा संलग्न हुनुपर्ने देखेका छैनन्। ग्राफ ४.२.१ हेर्नुहोस्।

**ग्राफ ४.२.१: अभिभावकले आफूले विद्यालयमा के योगदान गर्न सक्छन् ?**



१६% विव्यस सदस्य विद्यालय राम्रो बनाउन आफै सक्रिय हुनुपर्छ भन्ठान्छन् । विद्यार्थी नियमितता बढाउनमा १२%, भौतिक निर्माण गर्नेमा ९% तथा शिक्षकको निगरानीमा ९% र शिक्षक बन्दोबस्त गर्ने कुरामा पनि ८% विव्यस आफ्नो भूमिका देख्छन् । विद्यालय व्यवस्थापनको मुख्य जिम्मा गाउँ शिक्षा समिति तथा विद्यालय व्यवस्थापन समितिलाई दिए पनि उनीहरूलाई जिम्मेवारी वहन गर्न सक्ने बनाइएको छैन । उनीहरूलाई अधिकारविना जिम्मेवारी मात्रै दिइएको छ । (बराल, २०७४)

**ग्राफ ४.२.२ विद्यालय राम्रो बनाउन शिक्षक र विव्यस आफूले गर्नुपर्ने काम**




२७% शिक्षकहरू आफ्नो मुख्य भूमिका सिकाइ उपलब्धि वृद्धि गर्ने कुरामा प्रष्ट छन् । ग्राफ ४.२.२ हेर्नुहोस् । त्यस्तै, विद्यार्थी र शिक्षक दुवैलाई नियमित गराउने काम पनि क्रमशः १२% र १०% शिक्षकले आफ्नो ठान्दछन् । अभिभावक सचेत गराउनु (११%)का साथै भौतिक व्यवस्थापनको काम (१०%) पनि शिक्षकहरू आफूले नै गर्नुपर्छ भन्ने विचार बोक्दछन् ।

अभिभावकले आफ्नो भूमिका प्रतिक्रियात्मक[२] नै देखेका छन् । विव्यसले आफ्नो उच्चतम व्यवस्थापकीय भूमिका शिक्षकको निगरानी देखेका छन् । शिक्षकको भूमिकाको सूची सन्तुलित नै रहे पनि नेतृत्व, जिम्मेवारी जस्ता जवाफदेही शब्दावलीहरू भने उनीहरूको

[२] हेर्नुहोस्, यो अवधारणाका लागि लुईटेल र खनाल, २०७४, देसाइ उद्धृत गर्दै उनीहरूले प्रअको भूमिका चाहिं प्रारम्भकर्ता याने प्रोयाक्टिभ मानेका छन् ।

उत्तरमा परेनन् । अपेक्षित रूपमा अभिभावकले विद्यालयमा आफ्नो सक्रिय भूमिका देखेनन् । उनका कामहरू मूलतः शारीरिक नै छन् । एकदुई जनाले मात्र अनुगमन गर्ने भने ।

विद्यालय राम्रो बनाउन के गर्न सकिन्छ भन्ने प्रश्नमा एक चौथाइ भन्दा बढी उत्तरदाता शिक्षकले सिकाइ उपलब्धि बढाउन सकिन्छ भन्ने जवाफ दिए । अरू उत्तरहरू भने शिक्षक, अभिभावक, विद्यार्थीसँग सम्बन्धित छन् । चाखलाग्दो रूपमा विव्यससँग सहकार्य गर्ने उल्लेख पनि गरेनन् । विद्यार्थी आकर्षित गर्ने वा टिकाउने जस्ता अपेक्षित उत्तर पनि आएनन् ।

## ४.३ परस्पर सम्बन्ध र बुझाइ

अभिभावकविना विद्यालय चल्न नसक्नेमा शिक्षकहरूको स्वाभाविक सहमति छ र अभिभावकको मुख्य काम विद्यालयमा विद्यार्थी नियमित पठाइदिनु हो भन्ने उनीहरूको बुझाइ छ । शिक्षकहरू शैक्षिक तथा भौतिक सुधारका लागि स्रोत जुटाउने, श्रमदान गर्ने, सरसल्लाह गर्ने र बुझ्ने काम पनि अभिभावककै हो भन्दछन् । त्यसैगरी ७६% शिक्षक विव्यसले सहकार्य गर्न बैठक बसेर, विद्यार्थी नियमित बनाएर, अनुगमन तथा रेखदेख गरेर, आर्थिक तथा भौतिक व्यवस्थापन गरेर, सल्लाह सुझाव दिएर, शैक्षिक सामग्री जुटाएर आफूलाई काम गर्न सजिलो बनाएको कुरा व्यक्त गर्छन् भने १७% शिक्षक विव्यसले आफ्नो काम नगर्नाले आफूहरूलाई अप्ठेरो परेको कुरा बताउँछन् ।

समाजमा कुरा मिलाउन सक्ने व्यक्ति विव्यसमा हुनुपर्छ भन्ने २९% अभिभावकको धारणा छ । समाजको सम्मानित व्यक्ति (१३%), विद्यार्थीको अभिभावक (११%) तथा पढेलेखेको व्यक्ति (८%) समितिमा हुनुपर्ने विचार पनि अभिभावकहरू राख्दछन् र विव्यसले मुख्य रूपमा शिक्षक निगरानी गर्ने, भौतिक निर्माण गर्ने, सरसल्लाह गर्ने र सहयोग माग्ने तथा जुटाउने काम गर्नुपर्छ भन्ने अभिभावको ठहर छ । शिक्षकले आफूहरूलाई राम्रै व्यवहार गर्ने र उनीहरूसँग आफ्ना केटाकेटीको पढाइ, बानी व्यहोरा तथा उपस्थितिको बारेमा छलफल गर्ने कुरा बताएका छन् । विव्यसले भने आफू केटाकेटीका बाआमा तथा गाउँलेप्रति पूर्णरूपमा जवाफदेही हुनुपर्ने कुरामा जोड दिएको छ । विव्यसको विचारमा पनि अभिभावकको मुख्य काम विद्यालयमा विद्यार्थी नियमित पठाइदिनु हो भन्ने नै छ । शैक्षिक तथा भौतिक सुधारका लागि स्रोत जुटाउने, श्रमदान गर्ने, सरसल्लाह गर्ने र बुझ्ने काम पनि अभिभावककै हो । प्रष्ट रूपमा ५६% (अरू खुल्न नचाहेका) विव्यस सदस्य शिक्षकसँग भने असन्तुष्ट छन् र आफ्नो मुख्य काममा पढाइको गुणस्तर वृद्धि गर्नुका साथै शिक्षकको निगरानी पनि राखेका छन् ।

## ४.४ अभिभावकको चासो र सहभागिता

यो अवस्थाप्रति अभिभावक र विव्यसका दृष्टिकोण थाहा पाउन अपनत्व अन्दाज गर्न सकिने केही प्रश्नहरू गरिएका थिए । केटाकेटीलाई अर्को विद्यालय लाने विचार गरेका अभिभावक जम्मा ३८% छन् । ती मध्ये ८२% ले अर्को सामुदायिक विद्यालय र १८% ले मात्र निजी विद्यालय पठाउने भनेका छन् । ग्राफ ४.४.१ हेर्नुहोस् । ठूलो संख्याका विव्यस (३३%)ले आर्थिक अवस्था कमजोर भएकोले मात्र सामुदायिक विद्यालयमा केटाकेटी पढाइरहेको बताएका छन् (ग्राफ ४.४.२ हेर्नुहोस्) । यसले सामुदायिक विद्यालयप्रति अभिभावकको खासै ममता वा अपनत्व रहेको देखिन्न ।

**ग्राफ ४.४.१ केटाकेटीको विद्यालय फेर्नु परे कहाँ भर्ना गर्नुहुन्छ ?**




विव्यसमा बसेका अभिभावकहरू मध्ये ३३% आफूले केटाकेटी निजी विद्यालय पठाउन नसकेको हुनाले समितिमा बस्नु परेको बताउछन् भने २५% आफ्नो नजिकको स्कूल राम्रो बनाउन भन्ने कारण देखाउँछन् । अर्को घतलाग्दो कुरा १२% समिति सदस्य आफू समितिमा किन बसेको भन्ने कुरामा पनि अनभिज्ञ छन् ।

७९% समिति सदस्य आफ्नो शिक्षासँग सम्बन्धित कुनै पनि कर्मचारीसँग भेट नभएको र ८२% आफू कुनै पनि तालिम गोष्ठीमा भाग नलिएको बताउँछन् । यसले सरकारको अभिभावक लक्षित काम नभएको र अभिभावकसँग भेट गर्ने थलो पनि नभएको देखाउँछ । सरकारको सामुदायिक भन्ने कुरा विव्यसलाई गरिने निर्देशनात्मक सम्बन्धमा मात्र रहेको देखिन्छ । यस बाहेक त सरकार र समुदायको प्रत्यक्ष सम्बन्ध रहेको देखिँदैन ।

**ग्राफ ४.४.२ सामुदायिक विद्यालयको विव्यसमा बस्नुको कारण**




सर्वेक्षण गरिएका धैरैजसो विद्यालयमा अभिभावक भेला वर्षमा ५ पटकसम्म हुने गरेको र त्यसमा महिला अभिभावकको उपस्थिति बढी हुने शिक्षकहरू बताउँछन् । किन महिला चाहिन्छ भन्ने कुरामा उनीहरूको यस्तै व्यवस्था छ भन्ने बाहेक अरू तार्किक उत्तर थिएन ।

## ४.५ शिक्षक अभिभावक संघको अस्तित्व

मूलतः अभिभावकका २ किसिमका भूमिका देखिन्छन् । एउटा शैक्षणिक र अर्को शासकीय । विव्यस मूलतः अभिभावकको प्रतिनिधित्व शासकीय अधिकार अभिव्यक्त गर्ने संस्थागत व्यवस्था हो । अभिभावकको शैक्षणिक पक्ष एक हदसम्म घरमै केटाकेटीको हेरचाह गर्ने र हुर्काउने कुरामा व्यक्त हुन्छ । अभिभावकको यस्तो भूमिका विद्यालयमा निर्वाह गर्न शिक्षक अभिभावक संघ (शिअसं)को परिकल्पना गरिएको हुनुपर्छ । यसको सामाजिक परीक्षण समेत गराउने जिम्मेवारी रहेकाले शिक्षक अभिभावक संघलाई विव्यससँग शक्ति सन्तुलनको दृष्टिले समेत लिन सकिन्छ ।

यसको शिअसंघको प्रभावकारिता लक्षित २ प्रश्नहरू थिए । ती प्रश्नको उत्तरमा ८७% शिक्षक अभिभावक संघ तथा संघको कामको बारेमा पूर्ण रूपले बेखबर देखिन्छन् । त्यस्तै, ५०% विव्यस सदस्य संघको बारेमा जानकारी नरहेको बताउँछन् भने २६% शिक्षक स्वयम् पनि यस बारेमा थाहा नभएको बताउँछन् । यसबाट शिअसंघले विद्यालयको गुणस्तर वृद्धिमा कुनै काम नगरेको र निष्प्रभावी रहेको प्रष्ट हुन्छ ।

# ५. परिणाम र छलफल

'विद्यालय' समुदायको कि सरकारको ? यो आजकल विद्यालय व्यवस्थापनका सन्दर्भमा सोध्न सजिलो तर पेचिलो सवाल भएको छ । २०२८ सालमा सरकारीकरण भएपछि कानूनमा समुदायको भूमिका राखिए पनि त्यो 'जैविक' रहेन । समुदायको भूमिका बढाउन शिक्षा ऐनको सातौं संशोधनपछि विद्यालय समुदायले 'फिर्ता लिन' सरकारले प्रोत्साहन पनि गऱ्यो । यो प्रयास विश्व बैङ्कको सहयोगमा भएकोले माओवादी सशस्त्र सङ्घर्षको सन्दर्भमा त्यसले चर्को राजनैतिक रङ्गमा शिक्षक समेतको प्रतिरोध खेप्यो । राष्ट्रियकरण पछि थुप्रै समय बितिसकेकोले विना प्रयत्न त्यो हस्तान्तरण जैविक बनाउन निकै समय र गृहकार्यको आवश्यकता थियो । सरकारीकरण हुँदा सामुदायिक विद्यालयमा मूलतः सम्भ्रान्त नेतृत्व थियो । सरकारीकरणको प्रायश्चित्त मात्र गर्न सामुदयिक भन्न रुचाइए जस्तो लाग्ने यी विद्यालयमा अब धेरैजसो विपन्न, आवाज विहीन अभिभावकका केटाकेटीहरू पढ्छन् । अपजस पाउन सामुदयिक र नियन्त्रणमा सरकारी प्रभुत्व रहेका यी विद्यालय परिणामको दृष्टिले झण्डै बेवारिस जस्तै भएका देखिन्छन् ।

आधिकारिक रूपमा सामुदायिक भनिने सर्वेक्षण गरिएका क्षेत्रका यी सरकारी विद्यालयको सञ्चालन प्रक्रियामा समुदायको स्वामित्व, हिस्सेदारी, भूमिका र समग्रमा समुदायको उपस्थिति ज्यादै न्यून रहेको पाइयो । प्रश्नको जवाफमा उत्तरदाताले यी विद्यालय गाउँले तथा केटाकेटीका बाआमाको अर्थात् समुदायको भने पनि सामुदायिक नाम मात्र भएको र विद्यालयको जिम्मेवारी समुदायको अपेक्षा भन्दा पर ठानेको देखिन्छ । विद्यालयलाई राम्रो बनाउन आफूले गर्न सक्ने भनेको बैठकमा नियमित जाने र भौतिक निर्माणका लागि चन्दा तथा श्रमदान दिने मात्र हो भन्ने अभिभावकको बुझाइ रहेको देखिन्छ । उनीहरूले आफ्नो व्यवस्थापकीय/शासकीय भूमिका अनुभूत गरेको देखिँदैन । अभिभावकले देखेको उच्चतम शासकीय भूमिका शिक्षकको अनुगमन हो । त्यसमा पनि ज्यादै न्यून संख्याका अभिभावक मात्र अनुगमन तथा रेखदेख गर्ने काम पनि आफूहरूले गर्नुपर्ने ठान्दछन् ।

एक तिहाइभन्दा बढी अभिभावकले विव्यसमा को को छन् भनेर थाहा नपाउनु उनीहरूले आफ्नो शासकीय भूमिका थाहा नपाउनुको प्रमाण हो । झण्डै उति नै अभिभावकले अध्यक्षसम्म थाहा पाएका छन् । एक चौथाइभन्दा बढी अभिभावकले विव्यसको काम के हो भन्ने नै थाहा पाएका छैनन् । यी कुराबाट विव्यसले त्यति अभिभावकको प्रतिनिधित्व गरेको देखिँदैन तर उनीहरूले कस्तो मानिस विव्यसमा रहनुपर्छ भन्ने कुरामा भने जानकारी राखेका छन् । विव्यसमा समाजमा कुरा मिलाउन सक्ने व्यक्ति हुनुपर्छ र उनीहरूको मुख्य

काम शिक्षकको निगरानी गर्ने, भौतिक निर्माणको लागि आवश्यक सम्पूर्ण व्यवस्थापन मिलाउने हो भन्ने अभिभावकको बुझाइ छ । विद्यालयका महत्त्वपूर्ण निर्णयहरू कि त विव्यसका अध्यक्ष नत्र प्रअले गर्छन् भन्ने अभिभावकहरूको बुझाइ छ र त्यसमा उनीहरूले आफ्नो संलग्नताको आवश्यकता कहीं कतै देख्दैनन् पनि ।

विद्यालयको स्वामित्व र जिम्मेवारी सम्बन्धमा करनी र कथनीमा फरक नै देखिन्छ। अभिभावक, शिक्षक एवं विव्यस सबैको नै विद्यालय समुदायको हो भन्नेमा एक मत थियो तर अधिकांश स्कूलमा विव्यसको काम प्रअले गरिरहेको र उनीहरू केवल सही गर्न स्कूल जाने गरेको कुरा विव्यस सदस्य नै बताउँछन् । आधा विव्यस सदस्यलाई विद्यालय सुधार योजना र तीन चौथाइ विव्यस सदस्यलाई सामाजिक लेखा परीक्षणको बारेमा थाहा नभएको देखिन्छ । नगन्य मात्राका विव्यस सदस्य शैक्षिक पक्षमा सुधार गर्नुपर्ने कुरा अगाडि राख्दछन् । विद्यालयको पूर्ण जिम्मेवारी विव्यसको हो र यसमा आफूहरूको खासै केही भूमिका हुँदैन भन्ने अभिभावकहरूको बुझाइका कारण कसैको सहयोग नपाएकाले काम गर्न गाह्रो भएको विव्यस अध्यक्षहरूको भनाइ थियो । शिक्षकहरू विद्यालयमा अभिभावकको संलग्नता अपरिहार्य ठान्दछन् । तीन चौथाइ हाराहारीका शिक्षक विद्यालय गाउँले तथा केटाकेटीका बाआमा अर्थात् अभिभावकको हो भन्छन् । अभिभावकमा चेतना नभएकाले काम गर्न अफ्ठेरो भएको कुरा राख्दछन् । विद्यालयमा अभिभावकको संलग्नता बढाउन आफू असल हुनुपर्ने, सिकाइ उपलब्धि बढाउनु पर्ने र अभिभावकहरूसँग राम्रोसँग कुरा गर्नुपर्ने विचार शिक्षकहरूले व्यक्त गरे पनि अभिभावकहरूको सहभागिता, जानकारी आदि बढाउन भने खासै काम गरेको देखिएन । सबै अभिभावकसँग एकैपटक कुरा गर्न नमिल्ने भएर विव्यस बनाइएको र अभिभावकहरूले आफूहरूलाई सजिलै वातावरण बनाइ दिएको अनुभव शिक्षकहरूले गरेका छन् । शिक्षकहरू पनि विव्यसको मुख्य काम भौतिक व्यवस्थापनका लागि आर्थिक श्रोत जुटाउने र अनुगमन तथा रेखदेख गर्ने हो भन्ठान्छन् ।

अभिभावकले संलग्नता आवश्यक नदेख्नुका पछाडि उनीहरूको उपेक्षा पनि जिम्मेवार छ । समग्रमा भन्ने हो भने विभिन्न कारणले शिक्षक र कर्मचारीतन्त्र दुवैले उनीहरूको शासकीय भूमिकाबारे बताएका छैनन् (भट्टराई, २०७४) । शिक्षक, कर्मचारी जस्तो विव्यस र अभिभावकले तालिम पाए उनीहरूको क्षमता बढ्ने थिएन होला र ? विद्यालयमा सामुदायिकीकरण नेपालमा मूलतः दुई वटा पृष्ठभूमिमा भएको देखिन्छः

क) देशमा सामुदायिक वनले वन जोगाउन पाएको सफलता र, ख) नेपालका विद्यालय समुदायले सिर्जना र व्यवस्थापन गरेको ऐतिहासिक पृष्ठभूमिमा त्यसप्रति विश्वास रहेका

केही व्यक्तिहरूको निर्णयात्मक असर र प्रतिबद्धता (उदाहरणका लागि आमोद उपाध्याय, डा राजेन्द्रध्वज जोशी) । यी दुवै कारणहरूले राज्यका सेवा निजी क्षेत्रमा दिएर हलुका सरकार (light government) बनाउने नवउदारवादी धारबाट पनि अव्यक्त समर्थन पाएका होइनन् भन्न सकिन्न । यसैले पनि तत्कालीन राजनैतिक परिवेशमा विद्यालयहरू समुदायमा हस्तान्तरण गर्ने प्रयत्न असफल भएको हो । सामुदायिक वनहरू भन्दा विद्यालयहरूको फरक अवस्था के हो भने सामुदायिक वनले श्रोतबाट आम्दानी गर्छन्, विद्यालयहरू खर्च मात्र गर्छन् । कति विद्यालयहरूले सामुदायिक वन समूहहरूबाट आर्थिक सहयोग पाएका छन् । आर्थिक भरथेगबाट सामुदायिक वन समूहहरू छिट्टै आफ्नो क्षमता विकास गर्दै सङ्गठित भई आफ्नो हक हितको रक्षा गर्न पनि सक्ने भए ।

अभिभावकको संलग्नताको वर्तमान अवस्था कमजोर नै देखिन्छ । आफ्ना केटाकेटी पढ्ने विद्यालयको प्रअको नाम व्यक्तिगत प्रश्नावलीका प्रश्नहरू सोधिएकामध्ये तीन चौंथाइ अभिभावकले मात्र जानेका भेटिए । उनीहरू शिअसंघको बारेमा सुन्दै नसुनेको कुरा गर्दछन् । लगभग ९० प्रतिशत अभिभावक, शिक्षक अभिभावक संघको बारेमा सुन्दै नसुनेका र यसको काम पनि थाहा नपाएका थिए । यसबाट उनीहरूले आफ्नो शैक्षणिक भूमिका पनि पर्याप्त रूपमा अनुभूत गर्न पाएको देखिन्न यद्यपि एक चौथाइ शिक्षकहरूले पनि शिक्षक अभिभावक संघको बारेमा आफूहरूलाई थाहा नभएको कुरा राखेका थिए ।

केही विद्यालयमा हुने गरेका आमा भेलामा विद्यालयको गुणस्तर सुधारका विषयवस्तु छलफल हुने भन्दा पनि बचतमै बढी समय खर्च हुने गरेको पाइयो । विद्यालयमा आफूहरूलाई बैठक भनेर बोलाए पनि केही छलफल नगरी सही गर्न मात्र लगाउने र सही गर्न नजान्दा लाज हुन्छ भन्दै विद्यालयमा जान मन नगर्ने अभिभावक पनि प्रशस्तै भेटिए । त्यस्तै, आफूहरूको फूर्सद भएको बेलामा कहिल्यै नबोलाउने र खेतीपातीमा व्यस्त हुने समयमा मात्रै बोलाउने गरेकाले आफूहरू विद्यालयमा जान नसकेको कुरा अभिभावकहरूको थियो । शिक्षक र विव्यसले पनि अभिभावको समयभन्दा आफ्नो अनुकूलतालाई धेरै ख्याल गरेर बैठक राख्ने हुँदा अभिभावकको उपस्थिति न्यून रहन गएको हो । विव्यस सक्रिय भएका स्कूलमा विव्यसले आफ्नो मुख्य काम भौतिक निर्माण तथा मर्मतमा नै केन्द्रित गरेका देखिन्छन् ।

सामुदायिक विद्यालय अभिभावकको बाध्यता मात्र देखिएको छ । अभिभावकहरू आफ्नो आर्थिक हैसियतले नभ्याएर मात्र छोराछोरीलाई सामुदायिक विद्यालयमा पढाउनु परेको र पैसाले पुग्ने भए निजी (बोर्डिङ) स्कूलमा नै पढाउने चाहना राखेका भेटिए । विव्यस सदस्यहरू पनि आफ्ना केटाकेटी बोर्डिङ स्कूल पठाउन नसकेर यहीँ पढाएको कुरा अभिव्यक्त गर्दछन् ।

विद्यालयको गुणस्तर खस्कनुको प्रमुख कारण चाहिँ शिक्षकको बेवास्ता नै भएको अभिभावकको ठहर छ । उनीहरूको व्यवहार चित्त नबुझेमा के गर्ने भन्ने कुरामा भने अभिभावकहरू अस्पष्ट छन् । विद्यालयको नेतृत्व प्रअले गर्ने र प्रअको मुख्य काम प्रशासनिक व्यवस्थापन गर्ने, शैक्षिक गतिविधि हेर्ने, शिक्षक खटाउने तथा निगरानी गर्ने हो भन्ने कुरामा शिक्षकहरू प्रष्ट छन् । प्रअको काम भने शिक्षक खटाउने तथा निगरानी गर्ने अथवा प्रशासन हेर्ने हो भन्ने विव्यसको विचार छ । विद्यालयको गुणस्तर खस्कनुको प्रमुख कारण शिक्षकको लापरवाही हो भन्नेमा अभिभावक झैं अधिकांश विव्यस पनि प्रष्ट छन् । त्यस्ता शिक्षकहरू सामूहिक छलफलमा सहभागी नहुने र यदाकदा भइहाले पनि विव्यसका निर्णयमा सहयोग नगर्ने हुँदा कार्यान्वयन गर्न पनि नसकिने विव्यस सदस्यहरूको भनाइ छ ।

❁❁❁

## सन्दर्भ ग्रन्थ सूची

अधिकारी, राधेश्याम. २०७४. सामुदायिक विद्यालयको व्यवस्थापन कसरी ? *कान्तिपुर* दैनिक. जेठ ८, २०७४.

बराल, राजकुमार. २०७४. नेपालमा विद्यालय व्यवस्थापनको सवाल, शिक्षा विमर्श, पेज २३९ र २४३.

भट्टराई, टीका. २०७३. विद्यालयमा अभिभावकको सहभागिता. (शिनीअके र अरू (सं). २०७३. विद्यालयमा अभिभावकः अवधारणा र अभ्यास, नेपालमा सामुदायिक विद्यालय व्यवस्थापनः हिजो, आज र भोलि विषयक राष्ट्रिय सेमिनारको कार्यविधि र कार्यपत्रहरू शिक्षा नीति तथा अभ्यास केन्द्र (शिनीअके), ग्लोबल एक्सन नेपाल, २० वैशाख, २०७३, काठमाण्डौं

शर्मा, गोपीनाथ. २०६८. नेपालमा शिक्षाको इतिहास. भाग १. चौथो संस्करण.मकालु पब्लिशिङ्ग हाउस, काठमाडौं ।

शर्मा, महाश्रम. २०७३. नेपालमा विद्यालय व्यवस्थापनको ऐतिहासिक विवेचना र त्यसको सार. शिनीअके र अरूमा ।

Abu- Duhou, I. (1999). School-Based management. UNESCO, IIEP, Paris.

Agergaard, J., Bista, M. & Carney, S. (2007). Empowering the local through education? Exploring Community School in Nepal. Oxford of Education, Routeledge Informa Limited

Balarin, M., Brammer, S., James, C. and Mccormack, M. (2008) The school governance study. Business in the Community. University of Bath. Accessed in the net on 15.08.2017.

Bray, M., & Mukundan, M. V. (2003). Management and Governance for EFA: Is Decentralisation Really the Answer?. Comparative Education Research Centre, Faculty of Education, University of Hong Kong. Retrieved 13 July 2014 from http://portal. UNESCO. Org/education/en/ev. php-URL_ID, 25755.

Burrel, G. & Morgan, G. (1979). Social paradigms and Organizational Analysis. Hants: Ashgate. Caddell, M. (2007). Education and change: A Historical perspectives of Schooloing, Development the Nepali Nation-state. In Kumar, Krishna and Oestered Joachim (eds). Education and social change in South Asia. New Delhi: OrientLongman, p. 251-284.

Carney, S. (2003). Globalisation, Neo-liberalism and the Limitations of School Effectiveness Research in Developing Countries: the case of Nepal. Globalisation, Societies and Education, Vol. 1, No. 1, 2003. Accessed from the Net on 24.10.2017.

Carney, S. & Bista, M.B. 2014. Community Schooling in Nepal: A Genealogy of Education Reform since 1990. Accessed on the net on 25.10.2017.

CERID. (2004). Management transfer of community schools. Formative Research Project, Study Report 19. Tribhuvan University. Author. CERID. (2007). School Autonomy: A Study of Enabling Conditions for Schools Effectiveness. (FRP 14). Tribhuvan University. Author. CERID. (2009).

Community Managed Schools: An Innovative Approach to School Management. (FRP 33). Tribhuvan University. Author. Chapman, D. W. (2002). Management and efficiency in education: Goals and strategies. Hong Kong: Asian Development Bank.

CREATE. (2011). Effective school management committees. Create india policy brief 4. Consortium for Research on Educational Access, Transitions and Equity (CREATE). http://www.create-rpc.org

Decentralization—Can it improve schools? International Institute for Educational Planning Newsletter Vol. XXII, No. 4, Paris: International Institute for Educational Planning. Retrieved 28 July 2014 from http://www.iiep.unesco.org/fileadmin/user_upload/pdf/octe04.pdf.

Grauwe, A. (2004). School-Based Management (SBM): Does It Improve Quality? Educaton for All Global Monitoring Report. `` The Quality Imperative``. Paris: UNESCO.

Hanson, E. (1990). School-based management and Educational Reforms in the United States and Spain. Comparative Education Review. Vol. 34. No. 4. 523-537.

Hanson, E. Mark. (1998). Strategies of Educational Decentralization: Key Questions and Core Issues. Journal of Educational Administration, 36 (2): 111-128.

Haug, B. (2009). Educational Decentralization and Student Achievement: A

Comparative Study Utilizing Data from PISA to Investigate a Potential Relationship between School Autonomy and Student Performance in Australia, Canada, Finland, Norway and Sweden. Oslo: Faculty of Education. University of Oslo.

Jones & Bartlett. Carney, S. & Bista, M. B. (2009). Community Schooling in Nepal: A genealogy of education reform since 1990. Comparative Education Review, 53(2), 189-211.

Kalsen, G. E. (2000). Decentralised Centralism: Framework for Better Understanding of Governance in the field of Education. Journal of Education Policy, 15 (5), 525-538.

Khanal, P. (2010). School decentralisation in Nepal: a disjuncture between macro-level advocacy and micro-level reality?. Educational Research for Policy and Practice, 9(3), 145-158.

Khanal, P. (2013). Centralization and decentralization reform in school education in Nepal: Tracing the swing of the pendulum. International Journal of Research Studies in Management, 2(2).

Lauglo, J. (1995). Forms of Decentralisation and their Implications for Education. Journal Comparative Education. Vol 31. No.1. Retrieved 07 02, 2010, from http://dx.doi.org/10.1080/03050069529182.

Mathema, K. B. 2013. "The great equalizer", republica,25 april 2013. Accessed from the net on 26.10.2017.

McGinn, N. & Welsh, T. (1999). Decentralisation of Education:Why, When ,What and How? Series: Fundamentals of Educational Planning, 64. Paris: IIEP-UNESCO.

Patrnos, H. A. & Fasih, T. (2009). Decentralized decision-making in schools: The theory and evidence on school-based management. World Bank Publications.

Shah, S K. 2016. School Governance in Nepal, An Analysis of Role of School Management Committee to achieve Quality of Education. Accessed from the Net on 26.08.2017.

Sharma, T N. 2008. Structures and mechanisms of community participation in school management, Journal of Education and Research Vol. 1 No. 1, 2008, Accessed from the Net on 21.08.2017.

Winkler, D. & Boon-Ling, Y. (2007). Identifying the impact of education decentralization on the quality of education. Equip Working Paper. Washington DC: USAID. Retrieved July 29, 2014 from http://www.equip123.net/docs/e2-DecentQuality WP.pdf.

❁❁❁

# अनुसूचीहरू

## अनुसूची १: सर्वेक्षण गरिएका विद्यालय र उत्तरदाताहरूको विवरण

| जिल्ला | विद्यालय | उत्तरदाताको संख्या | | | जम्मा |
|---|---|---|---|---|---|
| | | शिक्षक | अभिभावक | विव्यस | |
| सिन्धुली, पिपलमाढी | जनप्रभात आवि, चैनपुर | ४ | ३ | - | ७ |
| | जनता मावि, बखफर | ४ | ५ | ६ | १५ |
| | तीनकन्या आवि, ताप्केडाँडा | १ | १ | १ | ३ |
| | हरिहरपुर आवि, घन्टे | १ | ४ | ३ | ८ |
| | मनकामना आवि, जखौली | ३ | २ | ५ | १० |
| | कुशेश्वर आवि, कुशदमार | १ | ६ | ४ | ११ |
| | भानुभक्त आवि, तीनकुना | १ | ५ | - | ६ |
| | महादेव आवि, पर्तानी | - | ४ | २ | ६ |
| | जनता आवि, रतनपुर | - | १० | - | १० |
| **जम्मा** | ९ विद्यालय | १५ | ४० | २१ | ७६ |
| मकवानपुर, राईगाउँ | फूलमन्दिर आवि, गढनशीर | १ | - | - | १ |
| | नवकिरण आवि, भुर्कुसटोल | १ | ३ | २ | ६ |
| | बागमती मावि, राईगाउँ | २ | ९ | २ | १३ |
| | जनज्योति आवि, भीमबाँध | १ | १ | २ | ४ |
| | शाखाटार आवि, शाखाटार | १ | ४ | २ | ७ |
| | देवहित आवि, टाँडी | १ | ३ | २ | ६ |
| | ज्ञानमन्दिर आवि, गढन | २ | ११ | ३ | १६ |
| | विष्णु आवि, सल्लेनी | १ | १ | - | २ |
| | टंकेश्वर आवि, करौजे | १ | ४ | १ | ६ |
| | सूर्य मावि, माझगाउँ | ४ | ३ | २ | ९ |
| | बुद्धिसिद्धी आवि, डोटे | - | - | २ | २ |
| | भैंसेश्वर आवि, भैंसे | - | २ | १ | ३ |
| | बालविकास आवि, हात्तीढुंगा | - | - | १ | १ |
| **जम्मा** | **१३ विद्यालय** | **१५** | **४४** | **२०** | **७६** |

| जिल्ला | विद्यालय | उत्तरदाताको संख्या | | | जम्मा |
|---|---|---|---|---|---|
| | | शिक्षक | अभिभावक | विव्यस | |
| रौतहट, चपुर, जुडिबेला | नवविनायक आवि, पैनीटोल | ३ | ७ | ४ | १४ |
| | हिलेश्वर आवि, हिलेखोला | १ | ३ | ४ | ८ |
| | उच्च मावि, जुडिवेला | ३ | ५ | २ | १० |
| | जनहित आवि, फूलबारी | ३ | २ | - | ५ |
| | शिशुकल्याण आवि, मोक्तानटोल | २ | ४ | - | ६ |
| | माइस्थान आवि, सिरानटोल | ३ | ४ | २ | ९ |
| | दिपज्योति आवि, कुशवारटोल | १ | ३ | ३ | ७ |
| | आधारभूत विद्यालय, असनवा | - | ६ | ४ | १० |
| | कृषक आवि, माझीटोल | - | ३ | २ | ५ |
| **जम्मा** | **९ विद्यालय** | **१६** | **३४** | **२१** | **७४** |
| **कुल** | **३१ विद्यालय** | **४६** | **११८** | **६१** | **२२६** |

## अनुसूची २: सर्वेक्षण क्षेत्रको विवरण

### पिपलमाडी गाविस, सिन्धुली

पहाडी भूभाग धेरै भएको सिन्धुली जिल्ला २,४९१ वर्ग किमिमा फैलिएको २९६,१९२ (२०११ को जनगणना अनुसार) जनसंख्या भएको जिल्ला हो। यो जिल्ला मानव विकास सूचकाङ्कका हिसाबले ०.४४० अङ्क तालिकामा पर्दछ। यस जिल्लाको सुदूरपश्चिममा रहेको पिपलमाडी गाविसको जनसंख्या भने ७,६०४ (२०११ को जनगणना अनुसार) छ। यहाँका बहुसंख्यक बासिन्दा राई (दनुवार) र तामाङ छन् र उनीहरूको पहिलो भाषा राष्ट्रभाषा नेपाली भन्दा फरक छ। नेपाली पहिलो भाषाका रूपमा बोल्नेहरू १,७९२ अर्थात् २४% मात्र छन्।

राजधानी तथा जिल्ला सदरमुकामसँग सीधा सम्पर्कमा नभएको र भौगोलिक रूपमा विकट गाउँ हो यो। भौगोलिक रूपले विकट यस गाविसमा पुग्न पूर्व-पश्चिम लोकमार्गसँगै रहेको बागमती ब्यारेजबाट लगभग ३ घण्टाको बसको यात्रा गर्नुपर्छ। तर वर्षाको समयमा बस पूर्ण रूपले बन्द हुने हुँदा पैदल नै जानु पर्ने हुन्छ। यस गाविसको पूर्वमा महेन्द्रझ्याडी गाविस, पश्चिममा मकवानपुरको साविक राईगाउँ गाविस छुट्ट्याउने

बागमती नदी, उत्तरमा हरिहरपुर गढी र दक्षिणमा क्यान खोला पर्दछ । बागमती नदीको तीरैतीर बसेको यस गाउँको अर्कोतिर चुरे पर्वत पर्दछ भने बीचमा मरिन खोला पर्दछ । विजुली बत्तीको सुविधा नभए पनि उज्यालोका लागि विकल्पका रूपमा सौर्य बत्तीको प्रयोग हुने गरेको छ ।

यहाँका अभिभावकको मुख्य काम भनेको खेतिपाती र विहान बेलुका खोलामा माछा मार्ने नै हो भने केहीले भैंसीका पाडाहरू पालेर बेच्ने पनि गर्दछन् । सँगुर पालन पनि उनीहरूको आय श्रोतको अर्को माध्यम हो । यस गाविसमा १ मावि र ८ आवि छन् । कक्षा ५ मा १८८, कक्षा ४ मा २०१, कक्षा ३ मा २००, कक्षा २ मा २७३ र कक्षा १ मा २८७ जना विद्यार्थीहरू अध्ययनरत छन् ।

हरिहरपुर गापामा १ स्वास्थ्य चौकी, १ अतिरिक्त हुलाक, १ सामुदायिक अध्ययन केन्द्र रहेका छन् । सिन्धुली जिल्लाको साक्षरता ६१.३% सहित ५२ औं स्थानमा छ भने साविक पिपलमाडी गाविसको साक्षरता ५४.३५% रहेको छ । (२०११ को जनगणना अनुसार) हाल पिपलमाडीको कार्यक्षेत्रका विद्यालयको प्रावि तहको सिकाइ उपलब्धि ५५% रहेको छ (शिनीअके) ।

**राईगाउँ, मकवानपुर**

२,४२६ वर्ग किमि क्षेत्रफलमा फैलिएको मकवानपुर जिल्ला देशको राजधानी काठमाडौंसँगै जोडिएको जिल्ला हो । मकवानपुर जिल्ला मानव विकास सूचाकाङ्कमा ०.४९७ अङ्कमा छ । हेटौडाका कारणले यसलाई सुगम ठानिने भए पनि धेरै क्षेत्र सडकले जोडिन बाँकी नै छ । मकवानपुरको सुदूरपूर्वमा रहेको साविक राईगाउँ गाविसको सदरमुकामसँगको सडक दूरी ५८ किमि मात्र भए पनि बाटोको सहज पहुँच नहुँदा बसको यात्रा दिनभरि जस्तै लाग्छ । त्यो पनि सुखा याममा मात्र । पूर्व-पश्चिम राजमार्गमा रौतहट जिल्लाको बागमती व्यारेजबाट उत्तरतिर सात/आठ घण्टाको पैदल यात्रा गरेर पनि यहाँ पुग्न सकिन्छ । यस गाविसको पूर्वतिर सिन्धुली जिल्लालाई (साविक पिपलमाडी गाविस) छुट्याउने बागमती नदी पर्छ भने पश्चिममा साविक धिँयाल गाविस, उत्तरतिर साविक फापरबारी गाविसका पर्वत शृङ्खला र दक्षिणमा रौतहटको साविक पौराही गाविस पर्छ । सन् २०११ को जनगणना अनुसार यहाँको जनसंख्या १०,३६८ छ । यहाँ पहिलो भाषा बोल्ने खास गरी तामाङ, राई (दनुवार), मगर र पहरीहरू छन् भने पहिलो भाषा नेपाली हुने दलित बाहुन/क्षेत्री २,६०० को संख्यामा (२६%) रहेका छन् । राईगाउँ भने पनि यहाँ राईहरूको जनसंख्या निरन्तर घटिरहको बताइन्छ भने तामाङहरू बाक्लिँदै गएका छन् ।

यहाँको जीविकाको साधन खेती नै हो । बागमतीको फाँटमा खेत हुनेहरूको उत्पादन राम्रो छ भने धेरैले चुरेका पाखामा वर्षे खेती गर्छन् । धेरैले केही न केही बाख्रा पालेको देखिन्छ । खोलाका छेउमा हुनेहरूले माछाबाट पनि केही खाना जुटाउँछन् । धेरै मानिसहरू कामका लागि काठमाडौं र पोखरातिर जाने गरेका भेटिन्छन् । इट्टाभट्टामा जानेहरू बाहिर जानेमध्येको ठूलो समूहमा पर्छन् ।

यहाँ १ स्वास्थ्य चौकी, १ प्रहरी चौकी, १ अतिरिक्त हुलाक, ५ वटा सहकारी संस्था, १ सामुदायिक अध्ययन केन्द्र छन् र ६/७ वटा गैससहरूले कार्य गरिरहेको बताइन्छ ।

यस क्षेत्रमा २ मावि र १४ आवि छन् । कक्षा ५ मा ३२२, कक्षा ४ मा २८५, कक्षा ३ मा ३३९, कक्षा २ मा ३३९ र कक्षा १ मा ४२२ जना विद्यार्थीहरू अध्ययनरत छन् । ३४ औं स्थानमा रहेको यस जिल्लाको साक्षरता ६८.५% छ भने साविक राईगाउँ गाविसको साक्षरता ४८.७९% रहेको छ (२०११ को जनगणना अनुसार) । हाल राईगाउँको कार्यक्षेत्रका विद्यालयको प्रावि तहको सिकाई उपलब्धि ५८% रहेको छ (शिनीअके) ।

## चन्द्रपुर, जुडिबेला, रौतहट

मानव विकास सूचकाङ्क ०.३८६ अङ्क रहेको रौतहट जिल्लाको कुल क्षेत्रफल १,१२६ वर्ग किमि छ भने जम्मा जनसंख्या ६८६,७२२ (२०११ को जनगणना अनुसार) छ । जुडिवेलाको जनसंख्या ५,७८७ (२०११ को जनगणना अनुसार) छ, तीमध्येका ३६%ले मात्र नेपाली भाषा बोल्छन् । पूर्व-पश्चिम लोकमार्गसँगै उत्तरतिर रहेको चन्द्रपुर नपाको जुडिबेलामा दलित, चौधरी, पहाडे जनजाति तथा खस/आर्य सबैको बसोबास रहेको छ । यहाँ दलित, मुसहर माझी समुदाय पनि बस्छन् । ती समुदायका विद्यार्थी तथा अभिभावक नेपाली भाषा बुझ्न सक्दैनन्, त्यसैले पनि विद्यालयमा उनीहरूको चासो कम देखिन्छ । ती अभिभावकहरूको मुख्य आयश्रोत भनेको इट्टाभट्टा जानु हो । इट्टाभट्टा जाँदा उनीहरूले बालबच्चा पनि सँगै कामका लागि लिएर जाने गर्छन् जसले गर्दा केटाकेटी विद्यालयमा नियमित उपस्थित हुन सक्दैनन् ।

यस गाविसको पूर्वमा पौराही गाविस, पश्चिममा साविक चन्द्रपुर नपा, उत्तरतिर मकवानपुरको साविक राईगाउँ गाविस पर्छ भने दक्षिणमा पूर्व-पश्चिम लोकमार्ग पर्छ । उत्तरतिरको भाग भने चुरे पर्वत श्रृङ्खलाको जङ्गलले ढाकेको छ । धेरैजसो भूभाग कच्ची नै भए पनि सडक सञ्जालले जोडिएको यो गाविस कार्यक्षेत्रका अन्य गाविसको तुलनामा विकासको दृष्टिले केही अगाडि रहेको मान्न सकिन्छ । यहाँ विजुली बत्तीको पनि व्यवस्था छ । यस क्षेत्रमा १ स्वास्थ्य चौकी, १ गाविस भवन, १ अतिरिक्त हुलाक तथा विभिन्न टोल

सुधार समिति पनि रहेका छन् । पञ्च वर्षीय योजनामा परेको खानेपानी वितरणको लागि फूलबारीमा पानी ट्याङ्की बनाउने काम भइरहेको छ ।

यस जिल्लाको साक्षरता देशकै सबैभन्दा थोरै ४२.३% र जिल्लाको हिसाबले ७५ औं स्थानमा छ भने साविक जुडिबेला गाविसको साक्षरता ५७.४७% रहेको छ (२०११ को जनगणना अनुसार) ।

यस क्षेत्रमा २ मावि र ७ प्रावि रहेका छन् । हालसम्म यहाँबाट १,४९२ जनाले एसएलसी परीक्षा उत्तीर्ण गरेका छन् । यस क्षेत्रमा कक्षा ५ मा १६४, कक्षा ४ मा १७४, कक्षा ३ मा १५४, कक्षा २ मा १९७ र कक्षा १ मा २१४ जना विद्यार्थी अध्ययनरत छन् । हाल जुडिबेलाको कार्यक्षेत्रका विद्यालयको प्रावि तहको सिकाइ उपलब्धि ६३% रहेको छ (शिनीअके) ।

❁❁❁

## अनुसूची ३: प्रश्नावलीहरू

### क. अभिभावकलाई सोधिएका प्रश्नहरू

| अभिभावक |
|---|
| फारम नं. (क)..... |

**विद्यालयमा अभिभावकको संलग्नता प्रति बहुपक्षीय दृष्टिको आकलन**
**अभिभावकसँग गरिने प्रश्नावली र आधारभूत सूचना**

उत्तरदाताको नाम थरः.......................................................................... विद्यालयः...................................................................

टोलः............................................. वडा............. गापा/नपाः...........................................................................................

**१. पारिवारिक विवरण**

| क्रम | नाम | नाता | लिङ्ग* | उमेर वर्ष | शिक्षा◈ | पढेको विद्यालयको नाम र ठाउँको नाम | पेशा◉ | संस्थागत संलग्नता◆ |
|---|---|---|---|---|---|---|---|---|
| १. | उत्तरदाता | आफू | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |

***संकेतः***

****लिङ्गः*** *पु १, म २* ◈***शिक्षाः*** *ECD- ०, कक्षा १ देखि १२ अंक लेख्ने, स्नातक- १३, स्नातकोत्तर- १४, त्योभन्दा माथि- १५, साक्षर- १६, निरक्षर- १७,* ◉***पेशाः*** *कृषि- ०, कृषि र जागिर- १, ज्यालादारी- २, जागिर- ३, गाउँबाहिर काम- ४, विदेशमा काम- ५, विद्यार्थी- ६, व्यापर+ कृषि- ७, अन्य- ८*

◆संस्था, समूहको नाम लेख्ने ।

**२. तपाईं एक वर्षभित्र कति पटक के कामले विद्यालय जानुभयो ? ☐ गएको छैन (गएको छ भने कति पटक र किन ? तलको कोठामा लेख्ने)**

| पटक ........................... | काम १. | काम २. | काम ३. |
|---|---|---|---|

**३. विद्यालयमा गएर धेरैजसो कोसँग भेट्नु हुन्छ ?**

| १. कुनै शिक्षक | २. खास शिक्षक | ३. प्रअ | ४. लेखापाल | ५ अन्य |
|---|---|---|---|---|

**४. विद्यालय जाँदा शिक्षकले तपाईंलाई कस्तो व्यवहार गर्छन् ?**

| १. नराम्रो गर्छन् | २. अलि अलि राम्रै गर्छन् | ३. राम्रै गर्छन् | ४. ज्यादै राम्रो गर्छन् |
|---|---|---|---|

**५. आफ्ना केटाकेटीको के बारेमा शिक्षकसँग छलफल गर्नु भएको छ ? ☐ छलफल गरेको छैन (छ भने तलको कोठामा चिनो लगाउने)**

| १. पढाइको बारेमा | २. बानी ब्यवहार बारेमा | ३. पैसा बारेमा | ४. उपस्थितिबारे | ५. अन्य ................ |
|---|---|---|---|---|

**६. तपाईंको केटाकेटी पढ्ने विद्यालयको प्रअको नाम थाहा छ ? ☐ थाहा छैन, छ भने**

**नामः** ..................................................................................................................

**७. तपाईंको विचारमा विद्यालय कसको हो ? ☐ थाहा छैन (छ भने तलको कोठामा चिनो लाउने)**

| | | | |
|---|---|---|---|
| १. विव्यस अध्यक्ष | २. विव्यस | ३. प्रअ | ४. सरकार |
| ५. राजनैतिक दल | ६. गाविस | ७. गाउँले | ८. केटाकेटीका बाआमा |

**८. तपाईंलाई विद्यालय ब्यवस्थापन समितिमा को को छन् थाहा छ ? ☐ थाहा छैन (छ भने नाम तलको कोठामा भनेजति नाम लेख्ने)**

| | | | | |
|---|---|---|---|---|
| १.अध्यक्षः | सदस्य २. | ३. | ४. | ५. |
| ६. | ७. | ८. | ९. | |

**९. तपाईंलाई थाहा छ, विद्यालय व्यवस्थापन समितिको काम के हो ? ☐ थाहा छैन (छ भने काम तलको कोठा लेख्ने)**

| | | |
|---|---|---|
| १. | २. | ३. |

**१०. विद्यालय व्यवस्थापन समितिमा कस्तो व्यक्ति हुनुपर्छ ? ☐ थाहा छैन (छ भने तलको कोठामा चिनो लेख्ने)**

| | | | | |
|---|---|---|---|---|
| १. विद्यार्थीको अभिभावक | २. समाजमा कुरा मिलाउन सक्ने मान्छे | ३. समाजको सम्मानित व्यक्ति | ४. जनपरिचालन गर्न सक्ने मान्छे | ५. अन्य |

**११. विद्यालयको राम्रा पक्ष र नराम्रा पक्ष के के छन् ? (तलको कोठामा लेख्ने)**

| राम्रा कुरा | नराम्रा कुरा |
|---|---|
| १. | १. |
| २. | २. |
| ३. | ३. |

**१२. प्रअ अथवा शिक्षकसँग चित्त नबुझे उनीहरूलाई के गर्नु पर्ला ? (तलको कोठामा लेख्ने)**

| | | |
|---|---|---|
| १. | २. | ३. |

**१३. विद्यालयमा महत्त्वपूर्ण निर्णय कसले गर्दछ ? ☐ थाहा छैन (छ भने तलको कोठामा चिनो लगाउने)**

| | | | | | |
|---|---|---|---|---|---|
| १. विव्यसले | २. अध्यक्षले | ३. शिक्षकले | २. प्रअले | ३. अभिभावकले | ४. सरकारी प्रतिनिधिले |
| ५. अन्य | | | | | |

**१४. शिक्षक अभिभावक संघको काम के हो तपाईंलाई थाहा छ ? ☐ थाहा छैन (छ भने तलको कोठामा लेख्ने)**

| | | |
|---|---|---|
| १. | २. | ३. |

**१५. केटाकेटीले विद्यालय र शिक्षकको बारेमा तपाईंलाई केही भन्ने गर्दछन् ? ☐ गर्दैनन् (गर्छन् भने के भन्छन् तलको कोठामा लेख्ने)**

| | | |
|---|---|---|
| १. | २. | ३. |

**१६. आफ्ना केटाकेटी अर्को विद्यालय लाने कुरा सोच्नु भएको छ ? ☐ सोचेको छैन (छ भने तलको कोठामा चिनो लगाउने मिलेसम्म नाम लेख्ने)**

| | |
|---|---|
| १. नजिकको अर्को सरकारी विद्यालय | २. नजिकको शहरको सरकारी विद्यालय |
| ३. नजिकको बोर्डिङ स्कूल | ५. यतिसम्म मात्र पढाउने |
| ४. शहरको बोर्डिङ स्कूल | ७. अन्य |

**१७. तपाईंलाई स्कूलमा आफूले केही गर्नुपर्छ भन्ने लाग्छ ? ☐ लाग्दैन (छ भने तलको कोठामा चिनो लगाउने)**

| | | | |
|---|---|---|---|
| १. घर बनाउन | २. मर्मत गर्न | ३. सरसफाइ गर्न | ४. मासिक पैसा तिर्न |
| ५. चन्दा दिन | ६. बैठकमा जान | ७. अन्य ............ | |

**१८. केही भन्नु चाहनु हुन्छ ?** ..........................................................................................

**१९. अन्तर्वार्ताकर्ताको टिप्पणी** ..........................................................................................

**अन्तर्वार्ताकर्ताको नाम:** **मितिः**

## ख. विव्यसलाई सोधिएका प्रश्नहरू

**विव्यस**
**फारम नं. (ख).....**

**विद्यालयमा अभिभावकको संलग्नताप्रति बहुपक्षीय दृष्टिको आकलन**
**विव्यससँग गरिने प्रश्नावली र आधारभूत सूचना**

उत्तरदाताको नाम थरः ................................................................ पदः ............................................... विद्यालयः ............................................................... गाउँः ......................... वडाः ......... गापा/नपाः ........................
विव्यस गठन भएको महिना ..................................................... सालः ......................................

### १. विव्यसको विवरण

| नाम | पद | लिङ्ग* | उमेर | शिक्षा◈ | को पढ्छ | पेशा◉ | समितिमा रहेको वर्ष | संस्थागत संलग्नता◆ |
|---|---|---|---|---|---|---|---|---|
| | अध्यक्ष | | | | | | | |
| | सदस्य | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

***संकेतः***
*★**लिङ्गः** पु १, म २ ◈**शिक्षाः** ECD-०, कक्षा १ देखि १२ अंक लेख्ने, स्नातक- १३, स्नातकोत्तर- १४, त्योभन्दा माथि- १५, साक्षर- १६, निरक्षर( १७, ◉**पेशाः** कृषि-०, कृषि र जागिर- १, ज्यालादारी- २, जागिर- ३, गाउँबाहिर काम- ४, विदेशमा काम- ५, विद्यार्थी- ६, व्यापर+ कृषि -७, अन्य- ८*
◆संस्था, समूहको नाम लेख्ने

२. **समितिको बैठक वर्षमा कति पटक बस्यो ?** ☐ **बैठक बसेन, बस्यो भने** ............................**पटक**

३. **एक वर्ष जतिका बैठकको मुख्य एजेण्डा के थियो ?** ☐ **थाहा छैन** (**छ भने तलको कोठामा चिनो लगाउने**)

| | | | |
|---|---|---|---|
| १. निर्माण (भवन, शौचालय, खानेपानी, घेरबार.....) | २. मर्मत | ३. शैक्षिक गुणस्तर | ४. छात्रवृत्ति |
| ५. पाठ्यपुस्तक | ६. भर्ना | ७. सरसफाइ | ८. चन्दा |
| ९. सरकारको निर्देशन | १०. अन्य | | |

**४. तपाईंले अहिलेसम्म केही प्रस्तावहरू राख्नु भएको छ ? ☐ छैन (छ भने तलको कोठामा लेख्ने)**

| | | |
|---|---|---|
| १. | २. | ३. |

**५. विद्यालयको विद्यालय सुधार योजनाका मुख्य ३ वटा कुरा के हुन् ? ☐ थाहा छैन (छ भने तलको कोठामा लेख्ने)**

| | | |
|---|---|---|
| १. | २. | ३. |

**६. विद्यालयको सामाजिक परीक्षण कहिले भयो ? ☐ थाहा छैन, छ भने साल: ........................... महिना ............................ गते ............................**

**७. शिक्षक अभिभावक संघ गठन भएको छ ? ☐ थाहा छैन। छ भने तपाईंलाई अध्यक्षको नाम थाहा छ ? छैन। छ भने अध्यक्षको नामः ...............................................................**

**८. विद्यालयको काम, कुरा बिग्रियो भने तपाईंलाई कसले प्रश्न गर्न सक्छ ? ☐ थाहा छैन (छ भने तलको कोठामा लेख्ने)**

| | | | | |
|---|---|---|---|---|
| १. शिक्षक | २. गाउँले | ३. सरकार | ४. गाविस | ५. केटाकेटीका बाआमा |

**९. प्रअ र समितिको बीचमा कहिले विवाद परेको छ ? ☐ थाहा छैन (छ भने के विषयमा तलको कोठामा लेख्ने)**

| | | |
|---|---|---|
| १. | २. | ३. |

**१०. तपाईंको विचारमा स्कूल मुख्य कसको जिम्मामा छ ? ☐ थाहा छैन (छ भने तलको कोठामा चिनो लगाउने)**

| | | | |
|---|---|---|---|
| १. विव्यस अध्यक्ष | २. विव्यस | ३. प्रअ | ४. सरकार |
| ५. दल | ६. गाविस | ७. गाउँले | ८. केटाकेटीका बाआमा |

**११. तपाई र प्रअको काममा के के फरक छ? ☐ थाहा छैन (छ भने काम तलको कोठामा लेख्ने)**

| मेरो (विव्यस अध्यक्ष,सदस्य) काम | प्रअको काम |
|---|---|
| १. | १. |
| २. | २. |
| ३. | ३. |

**१२. शिक्षकको काम कारवाहीप्रति तपाई कति सन्तुष्ट हुनुहुन्छ ? ☐ सन्तुष्ट छैन (छैन भने कसैलाई भन्नु भएको छ ? तलको कोठामा लेख्ने)**

| | | |
|---|---|---|
| १. | २. | ३. |

**१३. तपाई अध्यक्ष/सदस्य चाहिँ किन हुनुभएको ? (अन्य समेत गरेर बढीमा ४ वटामा चिनो लगाउने)**

| | | | |
|---|---|---|---|
| १. भौतिक व्यवस्था गर्न | २. पढाइ राम्रो बनाउन | ३. अभिभावकको सहभागिता बढाउन | ४. पैसा उठाउन |
| ५. हिसाबकिताब तन्दुरुस्त बनाउन | | ६. शिक्षक नियमित बनाउन | ७. अन्य............... |

**१४. अहिलेसम्म गर्नु भएको मुख्य ३ वटा काम भन्नुहोस् ? ☐ गरेकै छैन (छ भने तलको कोठामा काम लेख्ने)**

| | | |
|---|---|---|
| १. | २. | ३. |

**१५. अभिभावकको काम के हो ? ☐ थाहा छैन (छ भने तलको कोठामा चिनो लगाउने)**

| | | | |
|---|---|---|---|
| १. श्रमदान गर्ने | २. पैसा तिर्ने | ३. केटाकेटी स्कूल पठाइदिने | ४. बोलाएको बेलामा जाने |
| ५. समिति बनाउने | ६. दबाब दिन जाने | ७. केटाकेटीको बारेमा बुझ्न | ८. माथिको सबै |

**१६. अभिभावक भेला कहिले कहिले हुन्छ? ☐ थाहा छैन (छ भने तलको कोठामा चिनो लगाउने)**

| | | | | |
|---|---|---|---|---|
| १. हरेक महिना | २. तीन महिना | ३. छ महिना | ४. एक वर्ष | ५. अन्य....... |

**१७. समितिमा महिला सदस्य किन राख्नु पर्ने होला ? ☐ थाहा छैन (छ भने तलको कोठाामा चिनो लगाउने)**

| | | | |
|---|---|---|---|
| १. नियम नै यस्तै छ | २. बैठकको शोभा बढाउन | ३. महिला केटाकेटीसँग नजिक हुने भएर | ४. महिला पुरुष दुवै हुनुपर्ने भएर |

**१८. महिला सदस्यहरूका लागि विशेष कार्यक्रमहरू छन् ? छैन ☐ (छन् भने कार्यक्रमहरू तलको कोठामा लेख्ने)**

| | | | |
|---|---|---|---|
| विषय | १. | २. | ३. |
| आयोजक | | | |

**१९. तपाईंले कुनै तालिम, गोष्ठीमा भाग लिनु भएको छ ?** ☐ **लिएको छैन** (**छ भने तलको कोठामा लेख्ने**)

| | | |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |

**२०. तपाईंको शिक्षासम्बन्धित सरकारी कर्मचारीसँग भेट भएको छ ?** ☐ **भएको छैन** (**छ भने के काममा ? तलको कोठामा लेख्ने**)

| | | |
|---|---|---|
| १. | २. | ३. |

**२१. बोर्डिङमा केटाकेटीलाई पढाउन छोडेर किन विव्यसमा बस्ने विचार गर्नुभएको ?**

| | | |
|---|---|---|
| १. | २. | ३. |

**२२. तपाईंले चाहेजस्तो विद्यालय बनाउन के गर्नुपर्छ त ?**

| | | |
|---|---|---|
| १. | २. | ३. |

**२३. अरू केही भन्न चाहनु हन्छ ?**

.....................................................................................................................................................

**२४. अन्तर्वार्ताकर्ताको टिप्पणीः** ..........................................................................................................

**अन्तर्वार्ताकर्ताको नामः** **मितिः**

## ग. शिक्षकलाई सोधिएका प्रश्नहरू

**प्रअ/शिक्षक :**
फारम नं. (ग).....

**विद्यालयमा अभिभावकको संलग्नता बहुपक्षीय दृष्टि**
**प्रअ/शिक्षकसँग गरिने प्रश्नावली र आधारभूत सूचना**

उत्तरदाताको नाम थरः ............................................... विद्यालयः ..................... टोलः ..............................
वडा ............... गापा/नपाः ....................................................................................

| क्रम | नाम | नाता | लिङ्ग★ | उमेर | शिक्षा◈ | पढेको विद्यालयको नाम र ठाउँको नाम | पेशा◉ | संस्थागत संलग्नता◆ |
|---|---|---|---|---|---|---|---|---|
| १ | उत्तरदाता | आफू | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |

संकेतः
★लिङ्गः पु १, म २ ◈शिक्षाः ECD- ०, कक्षा १ देखि १२ अंक लेख्ने, स्नातक- १३, स्नातकोत्तर- १४, त्योभन्दा माथि- १५, साक्षर- १६, निरक्षर- १७, ◉पेशाः कृषि- ०, कृषि र जागिर- १, ज्यालादारी- २, जागिर- ३, गाउँबाहिर काम- ४, विदेशमा काम- ५, विद्यार्थी- ६, अन्य- ७

◆संस्था, समूहको नाम लेख्ने

१. **वर्षमा कतिपटक अभिभावक भेला हुन्छ ? ☐ हुँदैन (हुन्छ भने कति पटक तल कोठामा चिनो लगाउने)**

| | | | |
|---|---|---|---|
| १. एक पटक | २. दुई पटक | ३. तीन पटक | ४. चार पटक |

२. **अहिलेसम्म सबभन्दा धेरै अभिभावक कहिले भेला भए ? र कति जति भेला भए ? ☐ भएको छैन (भएको छ भए तल लेख्नें)**

| भेला भएको मिति | भेला भएको संख्या | विद्यालयका जम्मा अभिभावक संख्या |
|---|---|---|
| | | |

**३. भेलामा महिला र पुरुषको उपस्थिति प्रतिशत कस्तो छ ?**

| | | |
|---|---|---|
| १. २५% भन्दा कम | २. २६-५०% | ३. ५१-७५% |

**४. अभिभावक भेला हुन सजिलो हुन्छ कि गाह्रो ? (तल चिनो लगाउने)**

| | | | |
|---|---|---|---|
| १. सजिलो | २. असजिलो | ३. साह्रै असजिलो | ४. भेला हुँदै हुँदैन |

**५. विद्यालय व्यवस्थापन समितिले शिक्षकलाई सजिलो बनाएको छ कि अप्ठ्यारो ? ☐ सजिलो भए कसरी ? ☐ अप्ठ्यारो भए कसरी ? तल लेख्ने**

| | | |
|---|---|---|
| १. | २. | ३. |

**६. अभिभावकको संलग्नता किन चाहिन्छ ? ☐ चाहिँदैन (चाहिन्छ भने किन ? तल कोठामा लेख्ने)**

| | | |
|---|---|---|
| १. | २. | ३. |

**७. विव्यस चाहिँ किन चाहियो ? ☐ चाहिँदैन (चाहिन्छ भने किन ? तल कोठामा लेख्ने)**

| | | |
|---|---|---|
| १. सबै अभिभावकसँग एकै पटक कुरा गर्न नमिल्ने भएर | २. उनीहरूको हक छ | ३. नियम यस्तै छ |
| ४. विद्यालयमा श्रमदान दिन | ५. आर्थिक सहायता गर्न | ६. अभिभावकलाई शिक्षा दिन |

**८. विद्यालय कसको हो ? ☐ थाहा छैन (छ भने तलको कोठामा चिनो लगाउने)**

| | | | |
|---|---|---|---|
| १. विव्यसको | २. प्रअको | ३. गाउँलेको | ४. सरकारको |
| ५. गाविसको | ६. राजनैतिक पार्टीको | ७. केटाकेटीका बाउआमाका | ८. अन्य |

**९. विव्यस र प्रअको भूमिकामा के फरक छ ?**

| | मेरो (विव्यस अध्यक्ष, सदस्य) भूमिका | | प्रअको भूमिका |
|---|---|---|---|
| १. | | १. | |
| २. | | २. | |
| ३. | | ३. | |

**१०. विद्यालयको नेता को हो ? ☐ थाहा छैन (थाहा छ भने तल चिनो लगाउने)**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १. विव्यस | २. प्रअ | ३. सरकार | ४. गाविस | ५. दल | ६. गाउँले | ७. केटाकेटीका बाआमा |

**११. विद्यालयमा अप्ठ्याराहरू छन् ? ☐ छैनन् (छन् भने के छन् तल चिनो लगाउने)**

| | | | |
|---|---|---|---|
| १. भौतिक | २. अभिभावकको चेतना छैन | ३. पैसा छैन | ४. शिक्षक उत्साही छैनन् |
| ५. प्रअको व्यवस्थापन राम्रो छैन | | ६. अभिभावक गरिब छन् | |

**१२. यो विद्यालयमा हुने अप्ठ्यारोमा कसको हात धेरै छ ? ☐ थाहा छैन ( छ भने तल चिनो लगाउने)**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १. विव्यस | २. प्रअ | ३. सरकार | ४. गाविस | ५. दल | ६. गाउँले | ७. केटाकेटीका बाआमा |

**१३. के भयो भने अप्ठ्याराहरू समाधान हुन सक्छ ?**

| | | |
|---|---|---|
| १. | २. | ३. |

**१४. विद्यालयमा सरकारको भूमिका कस्तो हुनुपर्छ ? ☐ थाहा छैन (छ भने तलको कोठामा चिनो लगाउनें)**

| | | | | |
|---|---|---|---|---|
| १. पैसा दिने | २. नियम बनाउने | ३. चलाउने | ४. शिक्षक बन्दोबस्त गर्ने | ५. अनुगमन गर्ने |

**१५. शिक्षक अभिभावक संघको काम के छ ? ☐ थाहा छैन (छ भने तलको कोठामा लेख्ने)**

| | | |
|---|---|---|
| १. | २. | ३. |

**१६. तपाई यो विद्यालयलाई राम्रो बनाउन चाहनु हुन्छ ? चाहनु हुन्छ भने के के गर्नुहुन्छ बताउनु होस् ।**

| | | |
|---|---|---|
| १. | २. | ३. |

**१७. तपाईंले यस्तो चाहना कतै बताउनु भएको छ ? ☐ बताएको छैन (छ भने तलको कोठामा चिनो लगाउने)**

| | | | |
|---|---|---|---|
| १. विव्यसलाई | २. अभिभावकलाई | ३. शिक्षकलाई | ४. विनिलाई |
| ५. जिशिकालाई | ६. अध्यक्षलाई | ७. दलका नेतालाई | ८. अन्य |

**१८. अभिभावकलाई विद्यालयमा बढी संलग्न गर्नुपर्दा शिक्षकको भूमिका के हुनु पर्दछ ?**

| | | |
|---|---|---|
| १. | २. | ३. |

**१९. अरू भन्न चाहेका कुरा** ..............................................................................................

**अन्तर्वार्ताकर्ताको टिप्पणी:** ..............................................................................................

**अन्तर्वार्ताकर्ताको नाम:** **मिति:**

## अनुसूची ४: लक्षित समूह छलफलको संक्षिप्त विवरण

### लक्षित समूह छलफल १

चैत्र महिनाको २ गतेका दिन बिहानी समयमा छलफलको कार्यक्रम चलेको थियो। गाउँले दैनिक खेतीपातीमा व्यस्त थिए । अभिभावकका खेतवारीमा उम्रेका मकै गोड्ने वेला भइसकको थियो । केही अभिभावक छलफलमा सहभागी हुन बारीबाट सोझै स्कूलमा आएको कुरा बताउँदै थिए। विद्यालयको पछाडि बाटो थियो। पछाडिपट्टि स्कूलको जग्गामा बाटो दिँदा पनि कक्षाकोठा अगाडि रहेको विद्यालयको चउरलाई बाटोको रूपमा गाउँलेले प्रयोग गरिरहेकाले पठनपाठनमा समस्या परेको प्रअले जनाएका थिए। भूकम्पले भत्काएको एउटा कच्ची भवन त्यसै वास्ता नगरी छोडिएको थियो । अभिभावक त्यो भवन भत्काएर अर्को बनाउनुपर्ने कुरामा जोड दिइरहेका थिए।

**स्थानः जनहित आवि, फूलबारी, चन्द्रपुर, रौतहट**
**समयः बिहान ८–१० बजे**

**छलफलमा उपस्थित सहभागीहरूको विवरण**

| क्र.सं. | नाम | सरोकारवाला |
|---|---|---|
| १. | बाबुराम गौतम | प्रअ |
| २. | भीमबहादुर गुरुङ | विव्यस सदस्य |
| ३. | विमला लोहार | अभिभावक |
| ४. | सुकमाया लोहार | अभिभावक |
| ५. | अनिता लोहार | अभिभावक |
| ६. | नरेश लोहार | अभिभावक |
| ७. | पूर्णिमा गोले | अभिभावक |
| ८. | सुजता गुरुङ | अभिभावक |
| ९. | कालिमाया पाख्रिन | अभिभावक |
| १०. | ठूलीमाया पाख्रिन | अभिभावक |
| ११. | आइती बोम्जन | अभिभावक |
| १२. | माया बोम्जन | अभिभावक |
| १३. | अनितामाया मोक्तान | अभिभावक |
| १४. | निशा राना | अभिभावक |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १५. | | सुवर्ण वाइवा | | | | अभिभावक | | | | |
| १६. | | जुद्धबहादुर गुरुङ | | | | अभिभावक | | | | |
| **संख्यात्मक विवरण** | | | | | | | | | | |
| **जनजाति** | | **दलित** | | **खस/आर्य** | | **मधेशी** | | **जम्मा** | | **कुल** |
| **म** | **पु** | **म** | **पु** | **म** | **पु** | **म** | **पु** | **म** | **पु** | |
| ८ | ३ | ३ | १ | ० | १ | ० | ० | ११ | ५ | १६ |

## छलफलको प्रक्रिया र निचोड

यस लक्षित समूह छलफलमा महिलाको उपस्थिति धेरै थियो। प्रअले छात्रवृत्ति दिने समयमा सही गर्नका लागि मात्र बोलाउने कुरा उनीहरूले व्यक्त गरेका थिए।

मधेशी मूलका एक शिक्षक विद्यालयमा नै बस्ने र ३:३० मा मात्रै विद्यालय आउने गरेका र उनलाई केही गरे पनि अनुशासनमा राख्न नसकेको कुरा प्रअ स्वयम् तथा अभिभावकहरूले बताए । त्यस्तै, सहमतिमा गठन गरिएको विव्यसले जति भन्दा पनि उनलाई सच्याउन नसकेको तर कारबाहीको लागि भने कुनै प्रक्रिया अगाडि नबढाएको कुरा अभिभावकहरूको थियो । विद्यालयमा कट्टु लाएर नै पढाउन आउँदा भने महिला शिक्षकहरू आफूहरूले उनलाई कराएको कुरा बताएका थिए। छलफलको दिनमा पनि उनी उपस्थित थिएनन्।

पैसा नभएर केटाकेटीलाई बोर्डिङ स्कूल नपठाएको नत्र भने बोर्डिङ स्कूल पठाउने विचार भएको कुरा अभिभावकको थियो । तर पनि विद्यालयको सुधारका लागि वार्षिक रूपमा रु.१२०।- का दरले आर्थिक सहयोग गरिराखेको कुरा अभिभावकको थियो । स्कूलको मालिक सरकार नै हो तर चलाउने शिक्षकले हो भन्नेमा अभिभावकहरूको विचार प्रष्ट थियो । विद्यालयको सामाजिक परीक्षण भइसकेको तर आफूहरूलाई थाहा नभएको अभिभावकहरूको गुनासो थियो । त्यस्तै, विद्यालयको घेराबार नभएको र विद्यालयमा सहयोगी हुँदा पनि सरसफाइ गर्न आफूहरू नै आउनुपरेको उपस्थित अभिभावकहरूको दुखेसो थियो।

प्रअ आफू कर्णालीमा शिक्षक हुँदादेखि नै आफ्नो पारिवारको राम्रो व्यवस्थापन गरिसकेको र आफूले गाउँलेका पीर मर्का बुझ्ने कुरा बताए। गाउँलेहरू छोराछोरी बोर्डिङ पढाएको शुल्क तिर्न पैसा नपुग्दा आफूकहाँ आउने र आफूले पैसा ऋणमा दिएर भए पनि सहयोग गर्ने गरेको बताए।

## मुख्य मुद्दा

विद्यालयका एक मधेशी शिक्षक विद्यालय बन्द हुने समयमा मात्र विद्यालय आउने छलफलको मुख्य विषय थियो । यसमा विव्यसले कुनै पनि औपचारिक निर्णय नगरेको र केही काम कारबाही गरेको आफूहरूलाई थाहा नभएको अभिभावकको प्रतिक्रिया थियो । प्रअको पनि मधेशी शिक्षकलाई केही गरी गर्नै सकिँदैन, टेर्दै टेर्दैनन् भन्ने भनाइ थियो ।

## लक्षित समूह छलफल २

विद्यालय परिसर राम्रो र हराभरा बनाउन भनेर रोपिएका अशोकका रूखहरू मिलाएर काटिएका थिएनन् भने चउरभरि विद्यालयको नयाँ भवन बनाउन भनेर ल्याइएका ढुङ्गा यत्रतत्र छरिएका थिए । विद्यालय बाँसको घेराबार थियो जुन आमाहरूले मिलेर लगाएको हो । अघिल्लो प्रअको लापरबाहीको कारण बन्ने भनेको नयाँ भवन अलपत्रको स्थितिमा त्यत्तिकै रहेको थियो । ५ कक्षासम्म सञ्चालित यस विद्यालयमा २ छुट्टाछुट्टै भवनमा कक्षा चलाइएको छ । शौचालयको व्यवस्था ठिकै छ । खानेपानीको लागि चापाकल धारोको व्यवस्था भए पनि विद्यार्थीहरू बाहिर छिमेकमा पानी खान जाने गर्छन् । विशेष गरी महिला अभिभावकहरू खेतीपातीको काममा मकैबारीमा नै व्यस्त देखिन्थे भने पुरुषहरू विद्यालय नजिकै तास खेलेर बसेका थिए । माझी बस्तीको बीचमा रहेको यस विद्यालयमा माझी बालबालिका नै पढ्ने गर्छन् ।

**स्थानः दिपज्योति आवि, पौराही, चन्द्रपुर, रौतहट**
**समयः बिहान ८–१० बजे**

**छलफलमा उपस्थित सहभागीको विवरणः**

| **क्र.सं.** | **नाम** | **सरोकारवाला** |
|---|---|---|
| १. | रत्नराज कुशवार | अभिभावक |
| २. | चन्द्रबहादुर कुशवार | अभिभावक |
| ३. | रामबहादुर माझी | अभिभावक |
| ४. | तिलकबहादुर माझी | अभिभावक |
| ५. | छविराम पुलामी मगर | अभिभावक |
| ६. | इन्द्रबहादुर कुशवार | अभिभावक |
| ७. | असज माझी | अभिभावक |
| ८. | तारा कुशवार | अभिभावक |

| | | |
|---|---|---|
| ९. | शिला कुशवार | अभिभावक |
| १०. | संगीता कुशवार | अभिभावक |
| ११. | अनिता माझी | अभिभावक |
| १२. | दिनानााथ चौवे | प्रअ |
| १३. | ज्ञान बहादुर कुशवार | विव्यस अध्यक्ष |

| **संख्यात्मक विवरण** | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **जनजाति** | | **दलित** | | **खस, आर्य** | | **मधेशी** | | **जम्मा** | | **कुल** |
| **म** | **पु** | **म** | **पु** | **म** | **पु** | **म** | **पु** | **म** | **पु** | |
| ४ | ८ | ० | ० | ० | ० | ० | १ | ४ | ९ | १३ |

## छलफल प्रक्रिया तथा निचोड

यस लक्षित समूह छलफलमा विद्यालयका युवा अभिभावक तथा गाउँलेको उपस्थिति ज्यादा थियो। आफ्ना केटाकेटी बोर्डिङ पढाउने गाउँले पनि त्यस छलफलमा सहभागी थिए। उनीहरूले आफूहरूलाई प्रअले बैठकमा बोलाउदै नबोलाए पनि विद्यालय राम्रो भए केटाकेटी त्यही ल्याउने विचार भएको कुरा व्यक्त गरेका थिए । उपस्थित सहभागीका अनुसार एकथरि अभिभावक इट्टाभट्टा जाने र विद्यालयमा खासै आउँदै नआउने खालका छन्। त्यस्ता अभिभावकले केटाकेटी पनि आफूसँगै लाने हुँदा विद्यालयमा धेरैजसो अनियमित रहने कुरा उनीहरूले बताए। विशेष गरी विद्यालयमा शैक्षिक सत्रको शुरूमा भर्ना गर्ने र पहिलो त्रैमासिकको परीक्षा अगावै विद्यार्थी इट्टाभट्टा जाने कुरा उनीहरूले बताए। ती अभिभावकहरूको मुख्य आयस्रोत भनेको इट्टाभट्टा जानु नै हो। यस शैक्षिक सत्रमा १३ जना अभिभावकका ११ छात्र र ११ छात्रा गरी जम्मा २२ जना विद्यार्थी पनि बाबुआमासँगै इट्टाभट्टा गएको थाहा भयो।

उक्त विद्यालयका प्रअ विद्यालयमा ज्यादै कम आउने कुरामा उपस्थित अभिभावक तथा शिक्षकको गुनासो थियो । त्यस्तै विव्यस तथा अध्यक्षले पनि केही नगरेको कुरा गाउँलेहरूको छ। विद्यालयका शिक्षकहरू विव्यस अध्यक्षको कोही बुहारी, कोही भान्जी र कार्यालय सहयोगी छोरा भएको कुरा पनि सहभागीहरूले बताए। उनीहरूको लापरवाहीमा पनि अध्यक्षले कसैलाई केही भन्दैनन् भन्ने गाउँलेको कुरा थियो।

त्यहाँकी एक महिला शिक्षक सरिता कुशवार आफैंमा सक्रिय तथा लागी परेर काम गर्ने खालकी भएको कुरा उपस्थित अभिभावकको थियो । उनको सक्रियता सर्वेक्षणको दौरान पनि देखिन्थ्यो । उनकै प्रत्यक्ष संलग्नता तथा महिला अभिभावकको सहयोगमा विद्यालय परिसर सरसफाइ तथा घेराबार गरिसकिएको गाउँलेको भनाइ थियो ।

**मुख्य मुद्दा**

उक्त विद्यालयका प्रअ धेरै समय विद्यालयमा अनुपस्थित रहने र आएका दिनमा पनि ढिला गरी आउने र चाँडै जाने कुरा मुख्य मुद्दा थियो । विद्यालयप्रति उनले खासै चासो नदिने र आफूहरूलाई मतलब नै नगर्ने कुरा अभिभावकहरूले व्यक्त गरेका थिए । यसै विषयमा कुरा गर्छु भन्दै हाम्रै सामुन्नेमा अध्यक्षले प्रअलाई तारन्तार फोन गर्दा पनि प्रअले फोन उठाएनन् ।

**विव्यस अध्यक्ष र प्रश्नकर्ता बीचको सम्वादको एक अंश**

**प्रश्नकर्ता:** प्रअ विद्यालयमा धेरैजसो नआउने सुनियो, तपाईंले किन केही नभन्नु भएको हो ?

**अध्यक्ष:** ढिला भए पनि यत्तिको आइरहेको छ, बल गर्दा महिनामा ८, १० दिन पनि आउन छोड्यो भने के गर्ने ?

❁❁❁

**प्रश्नकर्ता:** विद्यालयमा सबै तपाईंका आफ्नै मान्छे छन् रे त ?

**अध्यक्ष:** कोही बस्न आउन त भन्दा आउँदैनन् अनि खालि त राख्न भएन भनेर छोरालाई भए पनि पिउन राखिदिएको मैले ।

**प्रश्नकर्ता:** गाउँका केटाकेटी त सबै बोर्डिङको बसले उठाएर लान्छ भन्छन्, त्यसलाई के गर्न सकिन्छ ?

**अध्यक्ष:** अब बाटोमै कुरेर भए पनि आउने वर्ष बोर्डिङको बस गाउँमा छिर्न दिन्न ।

❁❁❁

**लक्षित समूह छलफल ३**

विद्यालय हाताभित्र गाउँलेले गाईवस्तु चराउन छिराए भन्दै पर्खाल लगाउन लागिएको थियो । यद्यपि, पर्खाल निर्माणमा गाउँलेको प्रत्यक्ष सहभागिता देखिन्थ्यो तर श्रमदानमा मात्र । पर्खाल लगाउन लागिएको क्षेत्र भन्दा बाहिर पनि विद्यालयको जमिन थियो । यहाँ पनि मकैबारीको लागि गोबर मल बोकेर खेतबारीमा जाँदै गरेका अभिभावक प्रशस्त भेटिन्थे । विद्यालयमा खानेपानी तथा शौचालयको राम्रो व्यवस्था थियो । अभिभावक भेला भने पनि विशेष गरी आमा भेलामा यो छलफल भएको थियो जसमा मासिक बचतको कुरा

नै मुख्य रूपमा उठेको थियो । स्कूलले दिने छात्रवृत्ति प्रअले कुन कुन विद्यार्थीलाई कसरी दिन्छन् आफूहरूलाई थाहा नहुने अभिभावकहरूको एक हदको गुनासो पनि थियो ।

| **स्थानः जनप्रभात आवि, चैनपुर**<br>**समयः दिउँसो ११-३ बजे**<br>**छलफलमा उपस्थित सहभागी विवरण** | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | नाम | सरोकारवाला | क्र.सं. | नाम | सरोकारवाला |
| १. | सुनमाया बोम्जन | अभिभावक | २२. | दुखी राई | अभिभावक |
| २. | सोनाम तितुङ | अभिभावक | २३. | सुस्मिता राई | अभिभावक |
| ३. | कान्छीमाया डिम्डुङ | अभिभावक | २४. | पूर्णिमाया राई | अभिभावक |
| ४. | सञ्चमाया बोम्जन | अभिभावक | २५. | कालीमाया राई | अभिभावक |
| ५. | बुद्धिमाया सिंतान | अभिभावक | २६. | मनकुमारी राई | अभिभावक |
| ६. | कान्छीमाया पाखिन | अभिभावक | २७. | बुद्धिमाया वल | अभिभावक |
| ७. | चरीमाया घलान | अभिभावक | २८. | हेलीमाया सिंतान | अभिभावक |
| ८. | सोमिनाकुमारी घलान | अभिभावक | २९. | सुकुमाया घिसिङ | अभिभावक |
| ९. | फगुनी राई | अभिभावक | ३०. | सवितामाया बल | अभिभावक |
| १०. | सुकुमाया तितुङ | अभिभावक | ३१. | शान्तिमाया गोले | अभिभावक |
| ११. | हिरामाया सिंतान | अभिभावक | ३२. | ठूलीमाया बल | अभिभावक |
| १२. | कान्छी राई | अभिभावक | ३३. | शेषकुमारी राई | अभिभावक |
| १३. | कुस्मि राई | अभिभावक | ३४. | शिवराम राई | अभिभावक |
| १४. | फूलमाया राई | अभिभावक | ३५. | सानु ब. बोम्जन | अभिभावक |
| १५. | मंगली राई | अभिभावक | ३६. | इन्द्र ब. घिसिङ | अभिभावक |
| १६. | कान्छीमाया राई | अभिभावक | ३७. | कल ब. बोम्जन | विव्यस अध्यक्ष |
| १७. | ठूलीमाया राई | अभिभावक | ३८. | छत्र ब. राई | प्रअ |
| १८. | तिर्थमाया बल | अभिभावक | ३९. | सीता राई | शिक्षक |
| १९. | सविता राई | अभिभावक | ४०. | पूर्ण ब. राई | शिक्षक |
| २०. | रिम्का बोम्जन | अभिभावक | ४१. | चेलीमाया गदाइली | शिक्षक |
| २१. | सीतामाया पाखिन | अभिभावक | ४२. | सरला बिक | शिक्षक |

| | | | | | |
|---|---|---|---|---|---|
| ४३. | ज्ञान्जीमाया सिंतान | अभिभावक | ५४. | युवकुमारी लोहार | अभिभावक |
| ४४. | ज्ञानकुमारी घतानी | अभिभावक | ५५. | देवमाया लोहार | अभिभावक |
| ४५. | सुनिता तिरुवा | अभिभावक | ५६. | रीताकुमारी बिक | अभिभावक |
| ४६. | मंगलीमाया बोम्जन | अभिभावक | ५७. | गंगामाया बिक | अभिभावक |
| ४७. | सुमित्रा राई | अभिभावक | ५८. | छलीमाया बिक | अभिभावक |
| ४८. | दीपा राई | अभिभावक | ५९. | तिर्थमाया बिक | अभिभावक |
| ४९. | भवानी राई | अभिभावक | ६०. | भक्त ब. बराइली | अभिभावक |
| ५०. | बेलमाया राई | अभिभावक | ६१. | मान ब. सेन्चुरी | अभिभावक |
| ५१. | माया राई | अभिभावक | ६२. | टेक ब. बिक | अभिभावक |
| ५२. | सरिता राई | अभिभावक | ६३. | सोम ब. बिक | अभिभावक |
| ५३. | कल्पना राई | अभिभावक | ६४. | इन्द्र प्र. मैनाली | शिक्षक |

| **संख्यात्मक विवरण** | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **जनजाति** | | **दलित** | | **खस/आर्य** | | **मधेशी** | | **जम्मा** | | **कुल** |
| **म** | **पु** | **म** | **पु** | **म** | **पु** | **म** | **पु** | **म** | **पु** | |
| ४५ | ६ | ८ | ४ | ० | १ | ० | ० | ५३ | ११ | ६४ |

## छलफल प्रक्रिया र निचोड

यस लक्षित समूह छलफलमा सहभागी संख्या धेरै नै थियो । त्यसैले यो छलफल अपेक्षित समूह छलफल जस्तो प्रभावकारी हुन सकेको थिएन । विद्यालयमा भए पनि महिला भेला बचतको लागि भएको र सोही दिन छात्रवृत्तिको बारेमा कुरा गर्न प्रअले आफूहरूलाई बैठकमा बोलाएको बताए । तर छलफल केही नगर्ने अनि सही मात्र गर्न लगाउने कुरा अभिभावकहरूले बताएका थिए । कतिपय अभिभावक विद्यालयमा आएपछि सही गर्नुपर्ने र आफूलाई सही गर्न नआउने हुनाले विद्यालयमा कम आउने गरेको बताउँथे । महिला अभिभावकहरू भने मासिक बचत गर्ने गरेको तर त्यो बचत शैक्षिक पक्षमा खर्च भने नभएको बताउँछन् ।

विद्यालयको गुणस्तर बढाउनका लागि केही अभिभावकहरूले बाहुन शिक्षक चाहिन्छ, उनीहरू बाठा हुन्छन्, श्रोत खोज्न सक्छन् र ल्याउन पनि सक्छन् भन्ने खालका अभिव्यक्ति दिएका थिए ।

विद्यालयका प्रअ भने विद्यार्थी विद्यालय समयमा भाग्ने हुँदा नियमितता बढाउन हाजिरी विहान मात्र नगरी विभिन्न समयमा गरिने गरिएको बताउँछन् ।

## मुख्य मुद्दा

प्रअले पहिल्यै गरिसकेका निर्णयहरू सुन्न र त्यसमा सही गर्न मात्र विद्यालय आउने गरेको अभिभावकहरूको कुरा नै मुख्य विषय थियो । अर्कोथरि अभिभावक आफूहरूलाई सही गर्न नआउने र सही गर्नु पर्दा लाज लाग्ने भएकाले विद्यालयमा जान मन नलाग्ने कुरा भन्दै थिए ।

**अर्को एक विद्यालयका प्रअसँग गरिएको संक्षिप्त कुराकानी**

**प्रश्नकर्ता**: तपाईं धेरैजसो विद्यालय जानु हुन्न भन्ने गुनासो छ नि ! किन नजानु भएको ?

**प्रअ**: आफ्नो धान कुट्ने मिल छ, गाउँभरिको धान कुट्दा विद्यालय जान ढिलो भइहाल्छ !

**प्रश्नकर्ता**: तपाईंलाई अभिभावकले केही भन्दैनन् त ?

**प्रअ**: म स्कूल गए भने तिनीहरूको धान कसले कुटिदिन्छ र खान्छन्, त्यसैले पनि केही भन्दैनन् !!

❁❁❁

## लक्षित समूह छलफल ४

बैठक विद्यालय प्राङ्गणमा बसेको थियो । महिला शिक्षक मात्र भएको यस विद्यालयमा शिक्षकको पहलकदमीमा धेरै राम्रा कामका प्रयासहरू भएका कुरा गाउँलेको थियो । शिक्षक बीचमा भएको असल सम्बन्धले विद्यालयको प्रगतिको लागि सबैले आफ्ना बच्चा त्यहीँ पढाएका थिए भने अंग्रेजी माध्यममा पनि पढाई भएको थियो । तर एक्कासी शिक्षक बीचको बेमेलले विद्यालय तहस नहस हुने स्थितिमा रहेको गाउँलेले बताइरहेका थिए । पहिलादेखि हुँदै आएको अंग्रेजी माध्यमको पढाइ पनि बन्द भएको छ भने केही शिक्षकले आफ्ना केटाकेटी बोर्डिङ स्कूल पढाउन थालिसकेका छन् । महिला शिक्षक मात्र भएकाले यस्तो भाँडभैलो भएको हो अब पुरुष शिक्षक ल्याउनु पर्छ भन्ने अभिभावक पनि भेटिन्थे । विद्यालयको हित के गरेर हुन्छ भनेर अझ पनि अभिभवकहरू लागि परिरहेका छन् ।

<table>
<tr><td colspan="11">स्थानः देवहित आधारभूत विद्यालय, टाँडी, राईगाउँ, मकवानपुर<br>समयः बिहान ८–१० बजे<br>छलफलमा उपस्थित सहभागी विवरण</td></tr>
<tr><td colspan="2">क्र.स.</td><td colspan="4">नाम</td><td colspan="5">सरोकारवाला</td></tr>
<tr><td colspan="2">१.</td><td colspan="4">श्रीमाया श्रेष्ठ</td><td colspan="5">अभिभावक</td></tr>
<tr><td colspan="2">२.</td><td colspan="4">दिलमाया राना</td><td colspan="5">अभिभावक</td></tr>
<tr><td colspan="2">३.</td><td colspan="4">भीममाया दर्लामी</td><td colspan="5">अभिभावक</td></tr>
<tr><td colspan="2">४.</td><td colspan="4">चेतमाया श्रेष्ठ</td><td colspan="5">अभिभावक</td></tr>
<tr><td colspan="2">५.</td><td colspan="4">निर्मला राना</td><td colspan="5">अभिभावक</td></tr>
<tr><td colspan="2">६.</td><td colspan="4">बालकुमारी जर्घा</td><td colspan="5">अभिभावक</td></tr>
<tr><td colspan="2">७.</td><td colspan="4">कमलामाया मगर</td><td colspan="5">अभिभावक</td></tr>
<tr><td colspan="2">८.</td><td colspan="4">जगत पुलामी</td><td colspan="5">अभिभावक</td></tr>
<tr><td colspan="2">९.</td><td colspan="4">खड्ग श्रेष्ठ</td><td colspan="5">अभिभावक</td></tr>
<tr><td colspan="2">१०.</td><td colspan="4">शिव रसाइली</td><td colspan="5">अभिभावक</td></tr>
<tr><td colspan="2">११.</td><td colspan="4">किरण मगर</td><td colspan="5">सहयोगी</td></tr>
<tr><td colspan="11">संख्यात्मक विवरण</td></tr>
<tr><td colspan="2">जनजाति</td><td colspan="2">दलित</td><td colspan="2">खस, आर्य</td><td colspan="2">मधेशी</td><td colspan="2">जम्मा</td><td>कुल</td></tr>
<tr><td>म</td><td>पु</td><td>म</td><td>पु</td><td>म</td><td>पु</td><td>म</td><td>पु</td><td>म</td><td>पु</td><td></td></tr>
<tr><td>७</td><td>३</td><td>०</td><td>१</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>७</td><td>४</td><td>११</td></tr>
</table>

## छलफल प्रक्रिया र निचोड

यस लक्षित समूह छलफलमा पनि आमा भेला नियमित रूपमा भइरहेको कुरा उपस्थित अभिभावकहरूले बताए । विद्यालयमा विद्यालयका सहयोगी सर्वेसर्वा भएका, उनलाई कसैले केही गर्न नसक्ने र उनले धेरै रक्सी खाएर आफ्नो साटोमा श्रीमतीलाई पठाउनेसम्म गरेको कुरा अभिभावकहरू बताउँछन् । तिनै कार्यालय सहयोगी भने कक्षाकोठा कम भएको र कम्तिमा एउटा कोठा भए पनि बनाउन पाए हुन्थ्यो भन्ने विचार व्यक्त गर्दै थिए ।

विद्यालयमा महिला शिक्षक मात्र भएको र एक जना पुरुष शिक्षक ल्याउन पाए राम्रो हुन्थ्यो कि भन्ने विचार अभिभावकहरूले राखेका थिए । शिक्षकहरू पढाउन छाडेर खालि मोबाइल मात्र चलाउने र विना जानकारी बिदामा बस्ने व्यवहार राम्रो नभएको अभिभावकले बताए । विद्यालयको सरसफाइ तथा घेराबार गर्न र बिरुवा लगाउन आफूहरू आउने गरेको महिला अभिभावकहरू बताउँछन् ।

## मुख्य मुद्दा

विद्यालय समयमा मोबाइलमा व्यस्त हुने शिक्षकको व्यवहार छलफलको मुख्य विषय थियो। शिक्षकहरूको यस्तो व्यवहार राम्रो नभएको कुरा उनीहरूले बताएका थिए। आजकल पढाइ राम्रो हुँदै गएको उनीहरूको विचार थियो ।

**प्रश्नकर्ता:** विद्यालयमा कत्तिको जानुहुन्छ ?
**अभिभावक:** पियन दाइ सधैँ जान्छ, हामी किन जानुपर्‍यो र ?

❁❁❁

**प्रश्नकर्ता:** केटाकेटीलाई बोर्डिङमा लानुहुन्न ?
**अभिभावक:** यहाँ बोर्डिङ नै छैन, अन्त लान पैसा छैन ।

❁❁❁

## लक्षित समूह छलफल ५

विद्यालय परिसर पर्खालले घेरिएको थियो । विद्यालयकै कक्षाकोठामा बसेर छलफल गरिएको थियो । छलफलमा विभिन्न विद्यालयका विव्यस अध्यक्षहरूको उपस्थिति रहेको थियो । उपस्थितमध्ये धेरैले आफूहरू नयाँ भएको र केही कुरा थाहा नभएकाले काम गर्न नसकेको बताएका थिए । राम्रो सल्लाह तथा तालिम पाए काम गरेर देखाइदिने कुरा उनीहरूको थियो ।

**स्थानः बागमती मावि, राईगाउँ, मकवानपुर**
**समयः दिउँसो १०-१ बजे**
**छलफलमा उपस्थित सहभागीहरू**

| क्र.स. | नाम | विद्यालय |
|---|---|---|
| १. | राजकुमार दर्लामी | देवहित आवि, टाँडी, विव्यस अध्यक्ष |
| २. | हिरा श्रेष्ठ | नवकिरण आवि, विव्यस अध्यक्ष |
| ३. | बीर ब. बोम्जन | बुद्धिसिद्धी आवि, विव्यस अध्यक्ष |
| ४. | सेर ब. लामा | बागमती मावि, विव्यस अध्यक्ष |
| ५. | कमल राई | भूपू अध्यक्ष, शिअसंघ |
| ६. | धनमाया स्याङ्तान | सूर्य मावि, माझगाउँ, विव्यस अध्यक्ष |

| संख्यात्मक विवरण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| जनजाति | | दलित | | खस/आर्य | | मधेशी | | जम्मा | | कुल |
| म | पु | म | पु | म | पु | म | पु | म | पु | |
| १ | ५ | ० | ० | ० | ० | ० | ० | १ | ५ | ६ |

## छलफल प्रक्रिया र निचोड

यस भेलामा विभिन्न विद्यालयका विव्यस अध्यक्षहरूको उपस्थिति रहेको थियो। आफूहरू नवनिर्वाचित भएको र कुरा बुझ्भी नसकेकाले कुनै ठोस योजना नभएको केही अध्यक्षहरूले बताए। विद्यालय सुधार योजनाका बारेमा उपस्थित सबै अध्यक्ष र शिक्षक अभिभावक संघ तथा यसको अध्यक्षको बारेमा उपस्थितमध्येका एक अध्यक्षले केही पनि थाहा नभएको बताए। सामाजिक परीक्षणको बारेमा भने केहीले मात्र आफूहरूलाई थाहा भएको जनाए। विव्यसको क्षमता अभिवृद्धि गर्नमा सरकारी स्तरमा कुनै तालिम, गोष्ठी या भेला केही पनि नभएको गुनासो प्रकट गरेका थिए।

उनीहरूले आफ्ना केटाकेटी त्यही विद्यालयमा पढ्ने र आफू पहिलेदेखि नै विव्यसमा भएको हुनाले गाउँलेले फेरि पनि राखिदिएकाले बसेको जनाएका थिए। तर अधिकार भने केही नभएको र आफूरू राष्ट्रपति जस्तै भएको कुरा एक विव्यस अध्यक्षले राखेकी थिइन्। शिक्षकहरूले आफूहरूलाई टेर्दै टेर्दैनन् भन्ने उनीहरूको भनाई थियो।

गाउँलेले विव्यस भनेर अध्यक्ष मात्र बुझ्ने र पूरै स्कूल आफूले नै बोकेर हिँडेको जस्तो सोच्ने गरेका कुरा पनि उनीहरूले सुनाए। गाउँले तथा अभिभावकहरूले आफूहरूलाई केही सर-सल्लाह नदिने तर काम गरेन भनेर सधैं भनिरहने बताए। तर पनि प्रत्यक्ष रूपमा आफूहरूलाई प्रश्न गर्ने कोही पनि नभएको र जवाफ पनि कसैलाई दिनु नपरेको कुरा भनेका थिए।

## मुख्य मुद्दा

शिक्षकहरू आफूले भनेको मान्दैनन् भन्ने विव्यसका सदस्यहरूको चिन्ता नै छलफलको मुख्य विषय थियो। आफूहरूले केही गर्न खोजे पनि शिक्षकले नटेर्ने र अभिभावकले पनि सहयोग नगर्ने उनीहरूको कुरा थियो।

# Parental Engagement in Schools:

## A Qualitiative and Quantitative Enumeration of Perspectives of Teachers, Parents and the School Management Committees in the Inner Terai of Nepal


### Summary

#### CONTEXT

There has been a big policy swing between nationalization i.e. centralization and de-regularization i.e. decentralization to school level and privatization of funding and operation in the last half century in Nepal. The back swing of 'communitization' was not organic as was the nationalization abrupt. Operated under strong central control, the community coated government schools are limping behind. No one no longer own these schools. Teachers, parents and School Management Committees (SMC) point one another for the deterioration of schools. Situation has been worsening as government is supplying more without close follow up of the teachers. A low level of accountability is felt as the nexus between the political leadership and the teachers continues for historical reasons. Division of roles and responsibilities is felt ambiguous and unclear. Conflict is multiplied when the Head teacher and Chair of the SMC belong to opposing political camps. Nonetheless, there is almost unanimity in the need for SMCs for the operation of these schools 'thrown- back' to the community.

#### METHODOLOGY

In this context this inquiry was conducted to enumerate to understand who people think are the owners and what each of them think about one another. Thirty-one schools from three districts (Sindhuli 9 in Hariharpur Rural Municipality (RM) – formerly Pipalmadi Village Development Committee (VDC), Makwanpur 13 in Bagmati RM – formarly Raigaon VDC and Rautahat 9 in Chandrapur Municipality – formerly Judibela VDC) where the Centre for Educational Policies and Practices (CEPP) is

working were selected. Although out of these districts two are categorized as hill districts and one as a district in the plains, the area is in the inner terai in Shiwalik Range. The area is inhabited by large indigenous groups such as Tamangs and Magars and small indigenous groups such as Danuwar Rai (who have dubious stand on their identity if they are Danuwars) and endangered groups such as Pahari. There are few Aryan groups including dalits and, Newars. Population of the catchment of 31 districts is about 15 thousand. A total of 226 individuals (46 teachers, 62 SMC members and 118 parents were interviewed for questionnaire and xx people were involved in Focused Group Discussions (FGDs). Individuals from the catchments of the schools were selected on stratified random sampling method. FGD was used for triangulation and verification of data. FGD and pilot questionnaire was facilitated by an external specialist co-investigator and enumeration was conducted by the staff of CEPP and it's local partner NGO Shramjeevi Yuba Manch.

## HYPOTHESIS AND OBJECTIVES

It had three objectives a) find an extent of concerns, attendance and engagement of parents in decision making roles; b) understand mutual perception among teachers, SMC members and the parents and; c) enumerate the extent of leadership and ownership with the following major hypotheses: i) There is no clarity in leadership and ownership of the school; ii) Parents have no active engagement in schools, it is confined to infrastructure when there is; and Parents and Teachers Association that is endowed with academic pursuit of schools is defunct and iii) If they could, parents prefer to send their children, to private schools over community schools.

## FINDINGS

### Ownership and Leadership of the School

More than three quarters of teachers and little less than the same amount of parents think the school belongs to 'villagers'. In response to who is responsible for the school responses were varied. It was notable that only about a quarter of SMCs thought that Head teachers are

responsible for the schools. However, other than the teachers, SMC members and parents are not clear who is the leader of the school? Some 70% teachers thought the Head teacher is the leader.

**Understanding of Roles**

The major stakeholders were more or less clear on their roles: parents think their role lies in physical aspects of school management although about a 5th thought its also their duty to attend meetings in the schools. The very best governance role the SMC members have thought is monitoring of teachers. More than a quarter of teachers are clear on their role in enhancing learning achievements of their pupils. Cumulatively some 40% of teachers have also perceived their non-academic roles such as parental awareness and infrastructural development as their tasks. They did not mention to work with SMCs and attracting children and retain in them as the teachers to improve the schools as expected. However, SMCs know than they need to be more active.

Teachers know (75+%) how parents can help them: attending in the meetings, sending children to school regularly, by overseeing physical condition, by extending advice and helping to prepare teaching aides. About a 5th of teachers thought that they have hard time as the SMC is not functioning well. SMCs also think their role is to send children to school regularly besides similar to what the teachers have thought their role to be.

**Requirement for SMC Members**

Parents are aware what kind of person is required in SMCs: one with coordination and negotiation skills (kura milauna sakne = getting things done somehow). There is no stress that members should have high education as such. Parents think watching teachers is the main role of SMCs followed by the management of infrastructure, offer advice and seek help for schools from different sources.

Fifty-six percent of SMCS are not satisfied with the performance of teachers and they see that enhancing quality of education and monitoring of teachers as their job.

**Concern and Participation**

Some 40% of parents wish to change schools. Over 80% of them would take to another public school while about a 5$^{th}$ would like to take to a private school. A bit more than a third of the parents responded that they have been sending their children to a public school because they cannot afford to send to a private school. And it's the very reason why they are in the SMC!. About a 4$^{th}$ of SMC members are there to improve the school and a little over 10% do not know why they are in the SMC.

Almost 80% of the members have never met anybody from the government concerning education and about the same volume has never been to any of workshops, trainings.

According to teachers, parents meetings are held as many as 5 times a year (this could be because of CEPP's programme) and majority of the attendees are women. In a question why women were required in the SMCs, they responded this is how the system is.

**The Parents and Teachers Association**

Nearly 90% of parents, 50% of SMC members and 26% of teachers are unaware of its work or existence of PTA. Pedagogical contribution of parents in the school thus is minimal.

## CONCLUSION

All of the assumptions made before the survey are proven to be correct. Some aspects may have been influenced because CEPP has been working in this area. This will be known when such a survey is conducted in the area where CEPP is not operational although only the frequency of parents should have been influenced. Below are the conclusions drawn by the investigators

combining the findings of the questionnaire based interviews and focused-group discussions:

1. Ownership, engagement and participation of the community (parents and SMC) is low in these 'community' coated government schools. Their role is confined to contributing to infrastructural aspects. They have not assumed their governance/managerial role. Highest role of this kind perceived by them is to watch (words used were follow up, monitoring, controlling) the teachers. Fewer of them are even aware of this.

2. SMC does not quite represent the parents – their perspectives, problems. Parents do not know who is in the SMC. About a 4$^{th}$ do not know what SMC is for. Parents think that decisions are either made by the Chair or the Head teacher. Nonetheless, they know what kind of person needs to be in the SMC: somebody who can get things done. They have assumed that it's the responsibility of SMC however, it may do.

3. A big difference is noted in walking the talk regarding the ownership and responsibility: Most of the teachers, parents and SMC members think it belongs to them but many SMC members say they just go to school to rubber stamp the decisions already made whatever it may be.

4. Teachers have lauded the role of parents that they can make their work easier. They have spelt out how they should be like to enhance the participation: they need to be 'good', enhance learning achievement of their pupils, hold dialogue with them on friendly manner. However, no action was found to have taken bring them to school, get them informed.

5. Reasons parents are not seeing their role in governance is that they have been ignored by both parents and bureaucracy: they have not been told about their roles. Investment in building their capacity is almost non-existent as all know. SMCs do not have their resources of on their own if one compares it with Community Forestry Movement in Nepal.

6. Pedagogical engagement of parents is understandably limited as their reach to information relating to schools is low. Its' not surprising that 90% of parents have not heard of PTA. Most of general understanding of parenting is following up of the homework by parents.
7. Where SMCs are found to be 'active', they are engrossed in infrastructural activities. A reason for low participation of parents and SMC members in the meeting is said that meetings are called at the convenience of teachers rather than that of the community.
8. Sending children to a 'Community' school is the compulsion of parents. It does not look too far when the public schools system collapses. It appears a reverse relationship between the well being of parents and improvement of the school.
9. Notwithstanding whatever is said there is no disagreement that major culprit for the deterioration of schools is the low motivation of teachers. Parents do not know what can be done about this although they know that its' the responsibility of the Head Teacher. Teachers are also well aware of this. Some SMCs feel helpless when disagreeable teachers even do not come to meetings when called!